म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १६३ बुधबार, १४ माघ २०८२ ने. सं. ११४६ पोहेलागा 28 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### बागमती प्रदेशमा 'युनिभर्सल डिजाइन' लागू गर्न तयारी सुरु


# सार्वजनिक संरचना अपाङ्गमैत्री, सर्वसुलभ बनाइन्छः मन्त्री देवकोटा

सञ्जीव सुनार

हेटौंडा, १३ माघ/ बागमती प्रदेश सरकारले प्रदेशभित्र निर्माण हुने सबै सार्वजनिक भौतिक संरचनालाई पूर्ण रुपमा अपाङ्गतामैत्री र सबै नागरिकको सहज पहुँचयोग्य बनाउन 'सार्वजनिक पूर्वाधारमा सर्वसुलभ (युनिभर्सल) डिजाइन' निर्देशिका बनाउने प्रक्रिया औपचारिकरुपमा सुरु गरेको छ ।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले हेटौंडामा आयोजना गरेको विशेष कार्यशाला तथा कार्यदलको पहिलो बैठकसँगै यो प्रक्रिया अघि बढेको हो । सरकारले तत्काल मन्त्रिपरिषद्बाट निर्देशिका जारी गरी कार्यान्वयनमा लैजाने तयारी गरेको छ । यसका लागि मन्त्रालयले सीआरएस नेपालसँग प्राविधिक सहयोगसम्बन्धी सम्झौता गरेको छ । कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले संसदबाट ऐन निर्माणको प्रक्रिया लामो हुने भएकाले विकास निर्माणलाई रोक्न नहुने बताएका छन् ।

उनले भने, 'संसदबाट ऐन बन्न समय लाग्न सक्छ तर, विकास रोकिँदैन । हामी तत्काल मन्त्रिपरिषद्बाट 'युनिभर्सल डिजाइन निर्देशिका' पास गरेर सार्वजनिक संरचनालाई अपाङ्गतामैत्री र सर्वसुलभ बनाउने कामको थालनी गर्छौं ।' उनले निर्देशिकाको मस्यौदा जतिसक्दो चाँडो तयार गर्न निर्देशन दिएका छन् । मन्त्री डा. देवकोटाले बागमती प्रदेशका ११९ पालिकामध्येबाट छनोट गरी नमुना काम गर्न सकिने बताए । 'आगामी आर्थिक वर्षको बजेटमा ५ देखि १० करोड रुपैयाँ विनियोजन गरेर प्रदेशका एक वा



दुईवटा पालिकालाई पूर्णतः समावेशी र युनिभर्सल डिजाइनयुक्त 'नमुना पालिका' का रुपमा विकास गर्नेछौं,' उनले भने ।

यसले अन्य पालिकाहरुलाई पनि सिक्न र अनुसरण गर्न सहज हुने उनको विश्वास छ । विगतको पाठ्यक्रममा 'युनिभर्सल डिजाइन' को विषय समावेश नहुँदा पुराना इन्जिनियरमा ज्ञानको अभाव रहेको भन्दै मन्त्री देवकोटाले सहकार्य गर्दै अघि बढ्नुपर्नेमा जोड दिए । उनले भने, 'हिजो हामीले पढ्दा यो विषय कोर्समै थिएन, जसले गर्दा डिजाइनमा त्रुटिहरु भए । प्राविधिकसँग सीप छ तर, भोगाइ र व्यवहारिक ज्ञान अधिकारकर्मी साथीहरुसँग छ । अब यी दुवै पक्षलाई जोडेर पुल्चोक क्याम्पसजस्ता प्राज्ञिक संस्थासँग सहकार्य गर्दै अघि बढ्नुपर्छ ।'

मन्त्री देवकोटाले सरकारी काममा अपनत्व बढाउन अबका बैठक मन्त्रालयको कोठामा मात्र सीमित नराखी सरोकारवाला संघसंस्थाकै कार्यालयमा गएर गर्ने नयाँ अभ्यासको प्रस्ताव गरे । छलफलमा प्रदेश सांसद लक्ष्मी शर्माले हालसम्म बनेका धेरै संरचना देखावटी मात्र भएको भन्दै चिन्ता व्यक्त गरिन् । ह्वीलचियरको लोगो राख्दैमा संरचना अपाङ्गतामैत्री नहुने भन्दै उनले भनिन् 'युनिभर्सल डिजाइनमा बनेको भनिएको संसद् भवन जलेपछि अहिलेको अस्थायी संरचनामा रोस्टममा उक्लिन नसक्दा मैले तलैबाट बोल्नुपर्यो । अब नक्सा पास गर्दा नै मापदण्ड पूरा नभए पास नगर्ने व्यवस्था हुनुपर्छ ।'

मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्टाले विज्ञहरुको सुझावलाई आत्मसात् गर्दै तत्कालका लागि कार्यालयमा सांकेतिक सुधार सुरु गर्ने र आगामी बजेटमा यसलाई नीतिगतरुपमै समेट्ने प्रतिबद्धता व्यक्त गरे । सीआरएस नेपालका प्रतिनिधिले पनि विज्ञता र प्राविधिक सहयोग उपलब्ध गराउन संस्था प्रतिबद्ध रहेको बताएका छन् । निर्देशिकाको मस्यौदा तयार गर्न आयोजित पहिलो कार्यशालामा विज्ञ तथा सरोकारवालाले महत्वपूर्ण सुझाव दिएका छन् । पुल्चोक क्याम्पस आर्किटेक्चर विभागका उपप्राध्यापक डा. विजय सिंहले भौतिक संरचना मात्र नभई सूचना प्रणाली पनि अपाङ्गतामैत्री हुनुपर्नेमा जोड दिए । उनले र्याम्प र पार्किङको सही स्थान तथा सूचना पाटी स्पष्ट नहुँदा प्रयोगकर्ता अलमलमा पर्ने गरेको भन्दै समावेशी डिजाइनको वकालत गरे ।

विज्ञ तथा कानुनविद् सुदर्शन सुवेदीले अब बन्ने पूर्वाधारहरु शारीरिक अपाङ्गता भएका व्यक्तिका लागि मात्र नभई बौद्धिक तथा सिकाइसम्बन्धी अपाङ्गता भएकाहरुका लागि पनि उपयोगी हुनुपर्ने बताए । उनले सार्वजनिकस्थलमा 'क्वाइट रुम' (शान्तकक्ष) र सरल भाषामा सूचना राख्नुपर्ने सुझाव दिए । सीआरएस नेपालका प्रतिनिधि डा. विकास पौडेलले विज्ञहरुको समूह जुटाउन र प्राविधिक सहयोग गर्न प्रतिबद्ध रहेको बताए । डा. पौडेलले भने, 'हामीसँग उपलब्ध विज्ञताको उच्चतम प्रयोग गर्दै र अपुग भएमा बाहिरबाट समेत विज्ञ जुटाएर मन्त्रालयको यो अभियानलाई सफल बनाउन सहयोग गर्नेछौं । अपाङ्गता समावेशी पूर्वाधार निर्माणमा हाम्रो संस्थागत प्रतिबद्धता र सहयोग निरन्तर रहनेछ ।'

कार्यशालाबाट प्राप्त सुझावका आधारमा निर्देशिकाको मस्यौदा तयार गरिने कार्यदलका संयोजक तथा मन्त्रालयका महाशाखाप्रमुख भूपेन्द्र यादवले जानकारी दिए । उनले भने, 'पहिलो कार्यशालाबाट प्राप्त सुझाव र सीआरएससँगको सहकार्यमा विज्ञ टोलीले मस्यौदा तयार गर्नेछ । सो मस्यौदा मन्त्रिपरिषद्बाट स्वीकृत गराएर कानुनी मान्यता दिई प्रदेशका सबै सार्वजनिक पूर्वाधारमा अनिवार्य लागू गरिनेछ ।' कार्यशालामा सीआरएस नेपालका प्रतिनिधि रेश्मा श्रेष्ठ र रुपेश श्रेष्ठले डिजाइनमा समेटिनुपर्ने प्राविधिक तथा कानुनी विषयमा प्रस्तुतीकरण दिएका थिए ।

कार्यक्रममा यातायात पूर्वाधार निर्देशनालयका प्रमुख नवीनकुमार सिंह, पुल्चोक क्याम्पस सिभिल इन्जिनियरिङ विभागका उपप्राध्यापक डा. सिद्धार्थ शंकर, नेपाल अपाङ्ग मानवअधिकार केन्द्रका निर्देशक जगदीश अधिकारी, अपाङ्ग महिला महासंघकी अध्यक्ष निर्मला धिताल, डाउन सिन्ड्रोम सल्लाहकार मुकुन्दहरि दाहाल, युवा तथा खेलकुद मन्त्रालयका नेत्रप्रसाद भट्टराई लगायतका विज्ञ तथा सरोकारवालाले आआफ्नो धारणा तथा सुझाव राखेका थिए । प्रदेश खेलकुद परिषद्का इन्जिनियर पुरुषोत्तम शर्मा लामिछाने, आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत सुरज पौडेल, भौतिक पूर्वाधार मन्त्रालयका महाशाखा प्रमुखहरु रमेश महर्जन, प्रतिभा न्यौपाने, श्रीराम पुडासैनी, इन्जिनियरहरु सुजन भण्डारी, सुयोग भण्डारीलगायतको उपस्थिति रहेको थियो ।

# बागमती प्रदेशमा ४६ वटा बहुवर्षीय योजना स्वीकृत




साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ बागमती प्रदेश सरकारले प्रदेशका विभिन्न जिल्लामा ४६ वटा योजनालाई बहुवर्षे तथा स्रोत सुनिश्चितता दिएको छ ।

प्रदेश सरकारले सडक पुल तथा झोलुङ्गे पुल निर्माणका लागि बहुवर्षे तथा बजेट स्रोत सुनिश्चितता प्रदान गरेको हो । आर्थिक मामिला तथा योजना मन्त्रालयले गत पुस ३० गतेको मन्त्रीस्तरीय निर्णयबाट 'प्रदेश आयोजनाको बहु वर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८२' बमोजिम यी आयोजनाको खरिद गुरुयोजना स्वीकृत गर्दै स्रोत सुनिश्चितताको पत्र पठाएको हो । भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्तावअनुसार बहुवर्षीय ठेक्काप्रक्रिया अघि बढाउन अर्थ मन्त्रालयले सहमति दिएको मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले जानकारी दिए ।

उनकाअनुसार स्वीकृत आयोजनामा दोलखा, मकवानपुर, धादिङ, सिन्धुली, नुवाकोट, सिन्धुपाल्चोक, चितवन, काभ्रे, रसुवा र ललितपुरका विभिन्न रणनीतिक सडक तथा स्थानीय तह जोड्ने पुल रहेका छन् । ती आयोजनाका लागि आगामी आर्थिक वर्ष २०८५/८६ सम्मको बजेट सीमा निर्धारण गरिएको उनले बताए । बजेट सुनिश्चितता प्राप्त गर्नेमा मकवानपुरको भोकरी-सरेखेत झोलुंङ्गे पुल, धादिङको घिर्तिखोला पुल, सिन्धुपाल्चोकको इन्द्रावती नदीमा बन्ने झोलुङ्गे पुल, रसुवाको बाइसभन्ज्याङ-पाङसाङ जोड्ने पुल लगायत ४६ वटा सानाठुला पुल आयोजना रहेका छन् ।

बहुवर्षे र स्रोत सुनिश्चितता गरिएका आयोजनामा कुल ३ अर्ब २३ करोड ३० लाख रुपैयाँ लागत अनुमान गरिएको छ । जसमा चालु आर्थिक वर्षमा १ अर्ब ७५ करोड ३ लाख रुपैयाँ, आगामी आर्थिक वर्ष २०८३/८४ मा १ अर्ब ९३ करोड ९९ लाख रुपैयाँ, आर्थिक वर्ष २०८४/८५ मा ९३ करोड ९७ लाख रुपैयाँ र आर्थिक वर्ष २०८५/८६ मा १७ करोड ९८ लाख रुपैयाँ खर्च गर्ने गरी लागतअनुमान गरिएको छ । ४६ आयोजनाको चालु आर्थिक वर्षमा नै ठेक्का लगाउनुपर्ने गरी बहुवर्षे र स्रोत सुनिश्चितता दिइएको छ ।

खरिद प्रक्रिया चालू आर्थिक वर्ष २०८२/८३ भित्रै सुरु गरिसक्नुपर्ने स्रोत सुनिश्चितता स्वतःअन्त्य हुने जनाइएको छ । डीपीआर, जग्गा प्राप्ति र वातावरणीय प्रभाव मूल्यांकन जस्ता पूर्वतयारी सकिएका आयोजनालाई मात्र प्राथमिकताका साथ अघि बढाउने, आगामी आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व सम्बन्धित मन्त्रालयले आफ्नै बजेट सीमाभित्र रहेर व्यवस्थापन गर्ने, सबै आयोजना अनिवार्यरुपमा बजेट सूचनाप्रणाली र कम्प्युटराइज्ड सरकारी लेखा प्रणालीमा प्रविष्ट गर्नुपर्ने मन्त्रालयको सर्त रहेको छ ।

# बागमतीको बिकट गाउँमा बल्यो बिजुली



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/साँझ पर्नासाथ अँध्यारोले घेर्ने देउजर र गढनसिरमा मंगलबार फरक दृश्य देखिए । झुपडीभित्र टुकीको मधुरो उज्यालो खोजिरहने आँखाहरु पहिलोपटक बल्बको तेज प्रकाशमा चम्किए । मोवाइल चार्ज गर्न घण्टौं हिँड्नुपर्थ्यो भन्ने गुनासो गर्ने युवा घरमै प्लग खोज्दै थिए । स्कुल जाने बालबालिका उज्यालो कोठामा रमाइरहेका थिए ।

पूर्वी मकवानपुरको बागमती गाउँपालिका-३ को दक्षिणमा पर्ने यी दुई बस्तीमा पहिलोपटक विद्युत् पुगेको हो । गाउँपालिका अध्यक्ष सर्केश घलानले ट्रान्सफर्मर जडान गरिएको पोलमा रिवन काट्दै बत्ती बाल्दा स्थानीयले लामो समयपछि विकासको अनुभूति गरे । 'बिकट र विपन्न समुदायलाई केन्द्रमा राखेर योजना बनाउँदा परिणाम ढिलो देखिए पनि दिगो हुन्छ', अध्यक्ष घलानले भने, 'आज बलेको बत्तीले यहाँका बालबालिकाको भविष्य उज्यालो बनाओस् भन्ने हाम्रो चाहना छ ।'

यहाँ तामाङ समुदायको बसोबास छ । औलोको त्रासका कारण बि.सं. १९९८ मा समथर भूभाग छोडेर तामाङ समुदायका पुर्खा पहाड चढेका थिए । यहाँ बस्ती बसेको आठ दशकमा पनि उनीहरु आधारभूत सेवाकै लागि संघर्षमा थिए । केही समयअघि मात्रै सडक खुलेको यो क्षेत्रमा वर्षातको समयमा आवतजावत अवरुद्ध हुने समस्या छ । गाउँपालिका कार्यालय झुरझुरेबाट करिब १७ किलोमिटर दक्षिण र रौतहटको चन्द्रनिगाहपुरसँग जोडिएको यो क्षेत्रसम्म विद्युत् पुर्याउने लक्ष्य गत वर्षकै थियो । तर, खोल्सा, भीर र अप्ठ्यारो भूगोलले योजनापछि धकेलिएको हो । यसवर्ष स्थानीयको श्रम, पालिकाको लगानी र नेपाल विद्युत् प्राधिकरणको सहयोगले सपना पूरा भएको हो ।

देउजरका ६२ र गढनसिरका १७ घरमा लाइन विस्तार गरिएको छ । प्राधिकरणले पोल, तार र ट्रान्सफर्मर उपलब्ध गराएको छ भने थ्रिफेज लाइनका लागि आवश्यक संरचना गाउँपालिकाले व्यवस्थापन गरेको हो । स्थानीयको श्रमदानले पनि गाउँमा विजुली पुर्याउन सम्भव भएको हो । पोल बोक्दै उकालो-ओरालो गर्न यहाँका स्थानीय आफैं अघि सरेका थिए । 'बत्ती बालिएको देख्दा अब गाउँ छोड्नुपर्छ जस्तो लाग्दैन', स्थानीय दिलबहादुर पाख्रिनले भने, 'गाउँमा विजुली पनि आयो, सडक पनि आयो । अब गाउँमै आशा जागेको छ ।' बिकट भुगोल र थोरै बस्तीका कारण यसअघिका जनप्रतिनिधिको यी दुई गाउँको विकास प्राथमिकतामा परेन । यहाँका अधिकांस युवा रोजगारीका लागि बाहिर छन् ।

३ नम्बर वडाअध्यक्ष कमानसिं पाख्रनका अनुसार इतिहास, शीतल हावापानी र जैविक वातावरणले भरिएको बागमती-३ कृषि र पर्यटनका लागि उपयुक्त क्षेत्र हो । 'गीताराजा-गीतारानी, बनठाकुर राजा र बनठाकुर रानीको इतिहाससँग जोडिएको यो ठाउँ चन्द्रनिगाहपुरसँग सडकले जोड्नसके कृषिउत्पादन क्षेत्र र पर्यटकीय गन्तव्य बन्न सक्छ', उनले भने । प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जीले विद्युत् विस्तारले शिक्षा, स्वास्थ्य र स्थानीय अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरे ।

# जन्मदिनमा बहिरा तथा सुस्तश्रवण विद्यालयलाई टेलिभिजन सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ हेटौंडा-५ सानोपोखरा घरभई हाल न्युजिल्याण्ड निवासी श्रेया श्रेष्ठले आफ्नो जन्मदिनको अवसर पारेर सामाजिक उत्तरदायित्व निभाउँदै बहिरा बालबालिकाका लागि टेलिभिजन सहयोग गरेकी छिन् ।

श्रेष्ठले हेटौंडा-६ स्थित शान्ति बहिरा तथा सुस्तश्रवण आवासीय आधारभूत विद्यालयका विद्यार्थीको पठनपाठन सहयोग तथा मनोरञ्जनका लागि ३२ इन्चको स्मार्ट टेलिभिजन उपलब्ध गराएकी हुन् । टेलिभिजन सेट बालक्लबका अध्यक्ष सबिना जिम्बा र विद्यालयकी प्रधानाध्यापक शर्मिला खतिवडालाई श्रेयाका बुबा ईश्वर श्रेष्ठ र आमा सुस्मा श्रेष्ठले हस्तान्तरण गरेको विद्यालयले जनाएको छ । आवासीयरुपमा बस्दै आएका बहिरा विद्यार्थीका लागि शैक्षिक सामग्री, संकेत भाषामा आधारित कार्यक्रम तथा जानकारीमूलक भिडियो हेर्न टेलिभिजन उपयोगी हुने विद्यालयको भनाइ छ ।

टेलिभिजन हस्तान्तरण कार्यक्रममा उपस्थित भएको हेटौंडास्थित संगम आर्टस्का प्रोपाइटर कृष्णा श्रेष्ठले विद्यालयलाई आवश्यक ब्यानर, बिल तथा छपाइसम्बन्धी सम्पूर्ण काम निशुल्क गरिदिने बताइन् । शान्ति बहिरा तथा सुस्तश्रवण आवासीय विद्यालयमा मकजानपुर सहित विभिन्न जिल्लाका ४० जना बहिरा तथा सुस्तश्रवण भएका विद्यार्थी अध्ययनरत छन् ।



साझाकुरा

## हाम्रो कुरा

# वातावरणमैत्री प्रचारप्रसार

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको चुनावलाई लक्षित गर्दै हेटौंडामा निर्वाचनको तयारी र निर्वाचन आचारसंहिता कार्यान्वयन विषयमा अन्तरक्रिया भएको छ । मुख्य निर्वाचन अधिकृत कार्यालयको आयोजनामा भएको अन्तरक्रियामा मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका प्रतिनिधि, क्षेत्र नं. १ र २ का उम्मेदवार, सञ्चारकर्मीलगायत विभिन्न सरोकार वाला व्यक्तिको उपस्थिति थियो । हरित नगरी हेटौंडामा हरित आचारसंहिताको दलहरुले पूर्णकार्यान्वयनमा गर्नेमा विश्वस्त रहेको उनीहरुले बताएका छन् । अन्तर क्रियामा बागमती प्रदेश निर्वाचन कार्यालयले राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठनले पालना गर्नुपर्ने आचारसंहिताको विषयमा प्रस्तुतीकरण राखेको थियो । दलहरुले एउटै समयमा एकै ठाउँमा कार्यक्रम गर्न नहुने, अरुको कार्यक्रममा बाधा पुऱ्याउन नहुने, तोकिएको समयसीमाभित्र गर्नुपर्ने, प्रशासनलाई २४ घण्टा अगावै जानकारी गराउनुपर्नेलगायतको विषयमा प्रस्तुतिकरण गरिएको हो । निर्वाचनको समयमा सरकार र सार्वजनिक संस्थाका सवारीसाधन कुनैपनि उम्मेदवारको पक्षमा प्रयोग गर्न पाइँदैन । प्रयोग गरेको पाइए सवारीसाधन समेत जफत गरी १ लाख रुपैयाँसम्म जरिवाना वा उम्मेदवारी समेत खारेज हुनेछ ।

उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तिमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चार पटक र एकपटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने, पत्रपत्रिकाको माध्यमबाट प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा ७/७ इन्चसम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने व्यवस्था गरिएको छ । निर्वाचन पर्यवेक्षणले प्रचलित कानून, आचारसंहिता उल्लंघन गरेमा, कुनै उम्मेदवार वा राजनीतिक दलप्रति झुकाव देखिने व्यवहार प्रस्तुत गरेमा आयोगले त्यस्तो संस्थाको अनुमतिपत्र खारेज गर्नसक्ने, सरकारी कर्मचारी, पदाधिकारी, प्राध्यापक, शिक्षक आदिलाई पर्यवेक्षकको रुपमा खटाउन नहुने व्यवस्था आचारसंहितामा गरिएको छ । अन्तरक्रियामा सहभागीले आचारसंहितालाई पालना गराउन आयोगदेखि प्रशासनसम्म कठोर ढंगले अघि बढ्नुपर्ने बताएका छन् । प्रमुख राजनीतिक दल र अन्य दलबीच विभेदपूर्ण व्यवहार नहोस् भन्नेतर्फ सचेत रहनुपर्ने उनीहरुको धारणा छ । राजनीतिक दलका प्रतिनिधिले निर्वाचन आचारसंहिताको पालनामा आफ्नो दल पूर्णरुपमा प्रतिबद्ध रहेको बताए । निर्वाचन आचारसंहिता उम्मेदवारको नैतिकतासँग सम्बन्धित विषय हो । २ वटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा ४४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । निर्वाचन क्षेत्र नम्बर १ बाट १३ राजनीतिक दलका उम्मेदवार र १० जना स्वतन्त्र गरी कुल २३ जनाको उम्मेदवारी परेको थियो भने निर्वाचन क्षेत्र नम्बर २ बाट १६ राजनीतिक दलका उम्मेदवार र ५ जना स्वतन्त्र गरी २१ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

आचारसंहितालाई दण्डात्मक भन्दा पनि सुधारात्मक पक्षको रुपमा बुझ्न आग्रह गरिएको थियो । विगतको निर्वाचन भन्दा धेरै सुधार हुँदै गएको पनि छ । सरकारी सवारीसाधन उम्मेदवारले प्रयोग गरेको पाइए प्रशासन कडा रुपमा प्रस्तुत हुने उल्लेख गरिएको छ । निर्वाचनको समयमा हुनसक्ने सम्भावित घटनादेखि काल्पनिक घटनाको विषयमा प्रशासनले दिनँहु जस्तो छलफल गरिरहेको छ । मकवानपुरमा भयरहित र निष्पक्ष ढंगले चुनाव सम्पन्न हुने, सुरक्षाको दृष्टिकोणले प्रशासन पूर्णरुपमा सर्तक रहेको प्रशासनले जनाएको छ । हरित जिल्लामा वातावरणमैत्री तरिकाले चुनावी प्रचारप्रसार गर्न आयोग र स्थानीय प्रशासनले आग्रह गरेको छ । जात, धर्म, समुदायको नाममा द्वेषपूर्ण अपमानजनक व्यवहार गर्न पाइदैन । विषम परिस्थितिमा हुन लागेको चुनावमा आचारसंहिताको विगतको तुलनामा व्यवस्थित तरिकाले परिपालना हुनेमा सम्बद्ध पक्ष विश्वस्त रहेको बताइएको छ । आचारसंहितालाई धर्म सम्झेर पालना गर्न उम्मेदवारलाई आग्रह गरिएको छ । निर्वाचनको समयमा आर्थिक क्षेत्रको अनुगमन गर्ने जिम्मेवारी प्रदेश कोष तथा लेखानियन्त्रक कार्यालय र व्यवहारगत् आचारणको अनुगमन सहायक प्रमुख जिल्ला अधिकारीले गर्ने ब्यवस्था मिलाइएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ १५ गते बिहीबार २९ जनवरी २०२६ । एकादशी, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५४ सूर्यास्त ५:४१ । नेपाल नर्सिङ दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सामाजिक काममा रुचि बढ्नेछ | तुला | : प्रतिष्ठित काम गर्ने मौका छ |
| वृष | : यात्रामा कष्ट मिल्नेछ | वृश्चिक | : आत्म-विश्वास बढ्नेछ |
| मिथुन | : त्रासमय दिन हुनेछ | धनु | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | : खानपिन राम्रो हुनेछ | मकर | : पारिवारिक जमघट हुनेछ |
| सिंह | : शरीरमा बाधा पुग्न सक्नेछ | कुम्भ | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कन्या | : मन पर्ने उपहार पाइने योग छ | मीन | : कामबाट फुर्सद मिल्नेछ |

# राजनीतिक शवयात्रामा हाम्रो भविष्य



✍हिरा अधिकारी

नेता भनेको त्यो हो जसले बाटो जान्दछ, देख्दछ र हिँड्दछ, तर आजका तथाकथित नेताहरू बाटो देखाउने होइन, बाटो हराउने काममा माहिर छन्, उनीहरू उज्यालो बाल्ने होइन, अन्धकार फैलाउने कारखाना बनेका छन्, उनीहरू समाजलाई अघि बढाउने होइन, समाजलाई बन्धक बनाएर आफ्नो कुर्सी सुरक्षित गर्ने दलाल हुन्, र जब दलालहरू राज्य चलाउँछन्, तब देश केवल नामको देश हुन्छ, भित्रभित्रै खोक्रो, र बाहिरबाहिरै झिलिमिली ।

आज राजनीति सेवा होइन, सौदा बनेको छ, संसद मन्दिर होइन, बजार बनेको छ, जहाँ कानुनको मूल्य पैसाले तोकिन्छ, जहाँ नीतिको मूल्य स्वार्थले तोकिन्छ, जहाँ देशको भविष्य लिलामीमा राखिन्छ र जनतालाई दर्शक बनाएर ताली बजाउन बाध्य पारिन्छ, र जब राज्य लिलामीमा चढ्छ, तब नागरिक केवल उपभोक्ता बन्छ, मालिक होइन ।

हामी नेताको खोजी गर्छौं तर हामीले उत्पादन गरिरहेका छौं दलाल, हामी क्रान्तिको कुरा गर्छौं तर हामी पालिरहेका छौं पाखण्ड, हामी परिवर्तनको नारा लगाउँछौं तर हामी रोजिरहेका छौं उही पुराना अपराधी, र त्यसपछि हामी अचम्म मान्छौं कि देश किन बदलिँदैन, देश बदलिँदैन किनकि हामी बदलिन चाहँदैनौं, हामी केवल अनुहार बदल्न चाहन्छौं, चरित्र होइन ।

निर्वाचन आज नेता छान्ने प्रक्रिया होइन, अपराधीलाई वैधानिकता दिने संस्कार बनेको छ, जहाँ कालो धन सेतो झण्डामुनि लुकाइन्छ, जहाँ लुटेराले जनताको सेवकको मुखौटा लगाउँछ, जहाँ भ्रष्टाचार 'रणनीति' बन्छ र इमानदारी 'अपरिपक्वता' ठानिन्छ, र जब समाजले इमानदारीलाई कमजोरी ठान्छ, तब त्यो समाज आफैं कमजोर हुन्छ ।

आज देशमा संकट छैन भन्नु झुट हो, संकट छ तर संकट देख्ने आँखा छैन, संकट छ तर स्वीकार गर्ने साहस छैन, संकट छ तर त्यसलाई राजनीतिक लाभमा बदल्ने खेल मात्रै छ, बेरोजगारी आँकडामा घट्छ तर सडकमा बढ्छ, महँगी भाषणमा घट्छ तर भान्सामा बढ्छ, शिक्षा कागजमा सुन्छि तर व्यवहारमा सड्छ, स्वास्थ्य नीतिमा चम्किन्छ तर अस्पतालमा मर्छ, र नेताहरू माइक समातेर भन्छन् "सब ठीक छ" जबकि देशको आत्मा रोइरहेको हुन्छ ।

नेतृत्व संकटमा चिनिन्छ भनिन्छ, तर यहाँ संकट नेताको व्यवसाय बनेको छ, बाढी आयो भने राहत होइन, फोटो खिच्ने हो, महामारी आयो भने उपचार होइन, भाषण गर्ने हो, आन्दोलन आयो भने संवाद होइन, दमन गर्ने हो, र जब राज्य संवाद होइन, दमन रोज्छ, तब त्यो राज्य लोकतान्त्रिक रहँदैन, केवल औपचारिक रूपमा मात्र बाँकी रहन्छ ।

हामीलाई बारम्बार देशभक्ति सिकाइन्छ, तर देशभक्ति भनेको प्रश्न नगर्नु होइन, देशभक्ति भनेको गलतलाई गलत भन्नु हो, तर यहाँ प्रश्न गर्नेहरूलाई गद्दार भनिन्छ, लुट्नेहरूलाई राष्ट्रवादी, र जब राष्ट्रवाद लुटपाटको ढाल बन्छ, तब त्यो राष्ट्रवाद होइन, राजनीतिक अपराधको लाइसेन्स हुन्छ ।

मिडिया आज चौथो अंग होइन, धेरैजसो अवस्थामा सत्ताको पाँचौं पाङ्ग्रा बनेको छ, जहाँ सत्यभन्दा पहुँच बिक्छ, पत्रकारभन्दा दलाल बढी देखिन्छन्, जहाँ प्रश्नभन्दा प्रशंसा महत्त्वपूर्ण हुन्छ, र जब मिडिया प्रश्न गर्न छोड्छ, तब सत्ता पागल हुन्छ, जब मिडिया बिक्छ, तब जनता मौन हुन्छ, र मौन जनता कुनै पनि तानाशाहको सबैभन्दा ठूलो शक्ति हो ।

युवाहरू देश छोड्दै छन्, किनकि उनीहरूलाई यहाँ भविष्य देखिँदैन, उनीहरूलाई यहाँ श्रमको मूल्य छैन, सपनाको सम्मान छैन, योग्यताको कदर छैन, यहाँ चाकडी छ, चोर बाटो छ, पहुँच छ, तर न्याय छैन, र जब न्याय हराउँछ, तब राज्य केवल संरचना बाँकी रहन्छ, आत्मा हराउँछ ।

हामी भन्छौं "सबै उस्तै हुन्", तर यो वाक्य आफैँमा अपराध हो, किनकि यसले खराबलाई पनि सुरक्षित गर्छ, असललाई पनि मार्छ, र जब समाजले फरक छुट्याउन छोड्छ, तब समाज नै विवेकहीन बन्छ, अनि विवेकहीन समाजमाथि शासन गर्न अपराधीहरूलाई कुनै मेहनत गर्नुपर्दैन ।

अब समय आएको छ सजिलो भ्रम त्याग्ने, अब समय आएको छ कठिन सत्य स्वीकार गर्ने, अब समय आएको छ ताली बजाउने होइन, औँला उठाउने, अब समय आएको छ चुप लाग्ने होइन, चिच्याउने, अब समय आएको छ सहने होइन, लड्ने – तर बन्दुकले होइन, विवेकले, नारा होइन, चेतनाले, जात होइन, योग्यता र नैतिकताले ।

नेता छान्नु भनेको देवता खोज्नु होइन, तर दानव रोज्नु पनि होइन, नेता छान्नु भनेको गल्ती गर्दा लाज मान्ने, चोरी गर्दा डराउने, आलोचना सुन्दा नसकुचाउने व्यक्ति रोज्नु हो, तर आज हामी रोजिरहेका छौं ती जो गल्तीमा गर्व गर्छन्, चोरीमा मुस्कुराउँछन्, आलोचनामा दमन गर्छन्, र यस्तो समाजबाट असल नेतृत्वको अपेक्षा गर्नु आत्मघाती आशा हो ।

यदि आज पनि हामी पैसाको पछि दौडिन्छौं भने भोलि हाम्रो सन्तानले देश खोज्न विदेश जानुपर्नेछ, यदि आज पनि हामी जात, झण्डा र भावनामा भोट हाल्छौं भने भोलि हाम्रो विवेकलाई इतिहासले धिक्कार्नेछ, यदि आज पनि हामी गलतलाई छानेर "हाम्रो मान्छे" भन्छौं भने भोलि हामीसँग "हाम्रो देश" भन्ने अधिकार पनि बाँकी रहने छैन ।

यो चेतनाविरुद्धको युद्ध हो, यो भ्रष्ट संस्कारविरुद्धको आगो हो, यो चुपचाप सहने प्रवृत्तिविरुद्धको बिद्रोह हो, र यदि कसैलाई यसले पोल्छ भने बुझ्नुस्, आगो त्यहीँ लाग्छ जहाँ घाउ हुन्छ ।

अब निर्णय हाम्रो हातमा छ – या त हामी इतिहास बनाउँछौं, या त इतिहासका पीडित पात्र बन्छौं, या त हामी नेता छान्छौं, या त शासक सहन्छौं, या त हामी विवेक प्रयोग गर्छौं, या त विवेक गुमाएर भीडमा हराउँछौं, र याद राख्नुस्, भीडले कहिल्यै भविष्य बनाएको छैन, भविष्य बनाउँछ चेतनाले, साहसले र सत्य रोज्ने क्षमताले चेतना लाई प्रयोग गरौं ।

*(साभार: न्यूज अफ नेपाल)*

# जलवायु परिवर्तन: गाउँको अनुभव र शहरको दृष्टिकोण

✍राम भट्टराई

गत असोज महिनाको अन्त्यतिर इलामको गोदकमा चिया गफ गर्दै गर्दा एक जना वृद्ध व्यक्तिले 'काब्रो (डाले घाँस) काटेको केही महिना मात्र भयो, फेरि आउन पो लाग्यो' भन्नुभयो । उहाँको कुरामा चासो अलि बढ्यो र थप कुरा गरें । उहाँले 'अहिलेसम्म यस्तो भएको थिएन' भन्दै विगतका आफ्ना अनुभूतिहरू सुनाउन थाल्नुभयो । उहाँको कुरा सुन्दा जलवायु परिवर्तनको असरहरू गाउँमा यस्तै यस्तै देखिने रहेछ भन्ने मनमा लाग्यो ।

ग्रामीण भेगमा जलवायु परिवर्तनलाई आफ्नो दैनिक जीवनमा देखिने परिवर्तनका आधारमा बुझ्दछन् । कृषिमा आएको परिवर्तन, असार-साउनको अनियमित वर्षा, लामो खडेरी, बाली नष्ट हुनु, कृषि उत्पादनमा कीराहरू बढ्नु, पानीका मुहान सुक्नु, वन-जंगलमा हुने क्षति, नदीनालाहरूमा असामान्य बाढी, पहिरो जस्ता विपत्ति आउनु जलवायु परिवर्तनको केही आधार मानेका छन् भने शहरमा केवल गर्मी बढेको आभास तथा असामान्य वर्षाले पार्ने छोटो अवधिको प्रभाव नै मानेका छन् ।

ग्रामीण भेगमा बसोबास गर्ने मानिसको बुझाइ अनुभूतिमा आधारित हुन्छ, किनकि उनीहरूको जीवन प्राकृतिक स्रोतहरूसँग प्रत्यक्ष जोडिएको हुन्छ । सीमित अध्ययन तथा स्रोतको आधारमा गाँउलेले गर्ने व्याख्या, बुझाइ, अनुभव र अनुभूति कुनै वैज्ञानिक वा जलवायु परिवर्तनको व्याख्याताले गर्ने भन्दा कमी छैनन् । शहरी वातावरणमा पहिले जाडो धेरै हुनु र अहिले कम हुँदै जानु त्यस्तै अनुभूतिहरू रहेका छन् । घाम र हुस्सु लाग्ने कुरामा भएको परिवर्तन जस्ता सामान्य बुझाइहरू रहेको छ । जाडो र गर्मी मौसमको मापन रात र दिउँसोको समयमा हुने तापक्रममा भएको परिवर्तनको अनुभवलाई लिन सकिनेछ ।

असोज महिनामा हिन्दु धर्मावलम्बीहरूको महान् चाड दशैं पर्व परेकोले म पनि दशैं मनाउन घर गएको थिएँ । पूर्णिमासम्मको बिदा, केही दिन इलाम बस्ने योजना बनाएको थिएँ । टीका अगावैदेखि विभिन्न सञ्चारमाध्यम मार्फत मौसमविद्हरूका वर्षात् हुने अनुमानहरू सार्वजनिक हुन थाले, नेपालमा भारीदेखि अति भारी वर्षा हुने भन्दै सुरक्षित भई बस्न र अनावश्यक यात्रा नगर्न भनी तारन्तार सूचना जारी हुन थाल्यो । जल तथा मौसम विज्ञान विभागले पनि बङ्गालको खाडीमा विकसित भएको न्यूनचापीय मौसम प्रणाली भारतको ओडिसाबाट जमिनको भूभागमा प्रवेश गरी मध्य भारततर्फ क्रमश: सर्ने भएको र सो न्यूनचापीय प्रणालीको कारणले नेपालमा जलवाष्पयुक्त मनसुनी वायु प्रवेश गरेकाले आगामी केही दिन मनसुनी गतिविधि सक्रिय हुने सम्भावना भनी प्रेस विज्ञप्ति नै जारी गरेको थियो ।

सूचनाका आधारमा इलामको बसाइलाई तुरुन्तै छोट्याउने निर्णय लिएर त्यसै दिन हतार हतार काठमाडौंको यात्रामा लागियो, नभन्दै काठमाडौं आई पुग्दासम्ममा इलाममा आरीघोप्टे पानी पर्न थाल्यो, सबै बाटाहरू बाढी पहिरोले बन्द हुन थाले भनेर सञ्चारमाध्यमबाट सूचना प्रवाह हुन थाले । यो मुसलधारे पानी पर्नु, प्राकृतिक प्रकोप हुनु, बेमौसमी डाले घाँसहरू बढ्नु, प्राकृतिक भन्ने बुझाइ नै रहेको छ यसले दिनप्रतिदिन मानिसहरूको दैनिकीमा असर परिरहेको । के यो सबै प्राकृतिक नै हो त ? वा मानव निर्मित विकासले जलवायु परिवर्तनको असर बढ्दै गएकोले हो? यो प्रश्न अनुत्तरित नै रहेको छ । २०४५ सालमा पनि यस्तै पानी आएको र पुन यस्तो थाहा नभएको बुढापाकाहरूको कुरा सुनिरहँदा र सन् १९८३ जुलाई १५ मा मौसम विभागको रेकर्ड अनुसार इलामको चियाबारीको मापन केन्द्रमा रेकर्ड भएको उच्च ३२०.६ मिलिमिटर रेकर्डलाई तोड्दै सन् २०२५ अक्टोबर ५ र ६ मा ३३२.६ मिलिलिटर रेकर्ड गरिएको थियो जसले ४२ वर्ष पहिलेको रेकर्डलाई परिवर्तन गरायो । यो रेकर्ड त एउटा दृष्टान्त मात्र हो । हिउँ पर्ने समय बितिसक्दा पनि उपल्लो क्षेत्रमा हिउँ नपर्दा उत्पादनमा हुने ह्रासको कुरा उपल्लो क्षेत्रको वर्षैपिच्छे गरिने छलफलको एउटा महत्त्वपूर्ण विषय नै हो ।

पूर्व, मध्य वा पश्चिमकै क्षेत्र होस् केही वर्ष पहिले भएको घामपानी वा खेतीपातीको कुरा होस् अहिलेको समयसँग तुलना गर्दा केही न केही फरक नै भएको अनुभूतिहरू सुन्न पाइन्छ । मानिसहरूको जनस्वास्थ्यमा पार्ने असरदेखि घुमन्तेहरूको लागि तय गर्ने समयहरूमा केही वर्ष अघि र अहिलेमा केही परिवर्तन हुँदै गएको छ जसले मानिसहरूको दैनिकीमा विस्तारै फरक पार्दैछ । मौसममा आएको परिवर्तनको जानकारी दिने सूचना प्रणाली छिमेकी राष्ट्र भारतमा प्रभावकारी रहेको वर्ल्ड बैंक ग्रुपले २०२४ को रिपोर्टमा उल्लेख गरेको छ । छोटो अवधिदेखि ४० दिनसम्मको मौसमको जानकारी गराएर कृषकहरूको बालीनालीको क्षतिलाई न्यूनीकरण गर्न प्रभावकारी भएको हुने उल्लेख छ । जलवायु परिवर्तनको कारणले केही कम्पनीहरू बलियो बन्दै गएका छन् । विकसित तथा धनी राष्ट्रहरूमा समुद्री आँधीको जोखिम, बाढीको जोखिम जस्ता जोखिमको बीमा गर्नेको संख्याहरू उल्लेख्य रूपमा बढिरहेको छ भने विकासोन्मुख तथा गरीब राष्ट्रहरूमा खेतीपातीको बीमा गर्ने संख्याहरूमा उल्लेखनीय वृद्धि हुँदै गएको छ । जसले बीमा कम्पनीहरूलाई बलियो बनाउँदै लगेको छ भने यस्ता जोखिमहरूबाट वित्तीय तवरले भए पनि केही राहत भने अवश्य नै भएको मान्न सकिन्छ ।

विभिन्न अध्ययन प्रतिवेदनका अनुसार, विश्वकै सबैभन्दा ठूलो हिमाल, सगरमाथाको सेरोफेरोमा भएको हिउँ पग्लिदै गइरहेको छ । हिमाली क्षेत्रमा हरेक १० वर्षमा करिब ०.०५ डिग्री सेल्सियस तापक्रम बढेको उल्लेख भएको छ । पहाडी तथा उच्च पहाडी क्षेत्रहरूमा ०.६८ देखि ०.१२८ डिग्रीसम्म तापक्रम बढेको छ । त्यस्तै तराई क्षेत्रमा तापक्रम बढ्ने दर भने हिमाली तथा पहाडी क्षेत्र भन्दा कम नै रहेको छ । हरेक वर्षमा ०.००४२ मात्र वृद्धि भएको तथ्यांकहरू देखिएको छ । उक्त तथ्यांक हेर्दा हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर बढी नै परेको देखिन्छ । पहाड तथा तराई क्षेत्रमा पनि उच्च जोखिम छ । तराईको तापक्रममा थोरै मात्रामा वृद्धि भए पनि त्यसको प्रभाव भने राम्रै देखिन थालेको छ । हिमालमा हिउँ पग्लिदै जाँदा खोलानालाहरू बग्न सक्ने रफ्तारमा कम होलान् त्यसले हिमाल, पहाड र तराईका क्षेत्रहरूमा प्रत्यक्ष असर नगर्ला भन्न सकिन्न ।

जलवायु परिवर्तनले न्यून आयस्रोत भएका मानिसहरूलाई नराम्रो असर गर्दछ (The poor are hit hardest) भन्ने तथ्य वर्ल्ड बैंकको सन् २०२५ मा प्रकाशित एक प्रतिवेदनमा उल्लेख भएको छ । नेपालको तथ्याङ्कलाई हेर्ने हो भने ७७ ।७८ प्रतिशत मानिस गाउँमा बसोबास गर्दछन् भने करिब २० प्रतिशत मानिस गरीबीको रेखामुनि रहेका छन् । जलवायु परिवर्तनले गरिब राष्ट्रहरूमा अझ बढी प्रभाव पर्ने पक्का छ । धनी राष्ट्रहरूको तुलनामा ६ गुणा बढी गरिबीको रेखामुनि रहेका मानिसको मृत्यु हुने समेत अध्ययनले देखाएको छ ।

पछिल्ला दशकहरूमा प्रकोपबाट १.३ मिलियन मानिसको ज्यान गएको तथ्यांक छ । प्रत्येक एक दशकमा ४.४ अर्ब मानिस प्राकृतिक प्रकोपबाट प्रभावित भएका छन् । आगामी सन् २०५० सम्ममा प्रत्येक वर्ष करीब ५ अर्बभन्दा बढी मानिसलाई वार्षिक रूपमा एक महिना पानीको अभावको सामना गर्नुपर्ने जस्ता अनुमान सार्वजनिक हुँदै गर्दा नेपालले कस्तो अवस्थाको सामना गर्नुपर्ने हो वा कस्तो खालको अभाव झेल्नुपर्ने हो भन्ने आकलन गर्ने बेला भएको छ । हामी त्यसको लागि तयार बन्नुपर्ने अवस्था छ र त्यसको लागि के-कस्तो व्यवस्थापनका उपायहरू अपनाइनेछ त्यसको लागि भने बहस शुरु गर्ने बेला भइसकेको छ ।

नेपालमा जलवायु परिवर्तनको पहिलो र सबैभन्दा ठूलो प्रभाव गाउँ-घरमै देखिन्छ । वर्षा हुने समय बदलिनु, असिना-पहिरोको जोखिम बेमौसमी रूपमा देखा पर्नु, बदलिंदो मौसमका कारण बालीनाली नष्ट हुनु, दिनदिनै पानीका मुहानहरू सुक्दै जानु र वन-जंगलमा कीराद्वारा उत्पन्न हुने रोग बढ्नु– यी सबै परिवर्तन हामीले दैनिक जीवनमा भोगिरहेका यथार्थ नै हुन् । खेती-किसानी, हावापानी, वनजंगल, मौसम र जमिनसँगको सम्बन्ध भएकाले गाउँघरमा बसोबास गरेका मानिसहरू जलवायु परिवर्तनका सूचकहरू प्रत्यक्ष अनुभूति गर्छन् । उनीहरूको दृष्टिमा जलवायु परिवर्तन कुनै वैज्ञानिक सिद्धान्त होइन यो त केवल बाली नफल्दा हुने भोकमरी, आय कम हुँदा बढ्ने ऋण, पहिरो जाँदा विस्थापन हुने बसाइँसराइ र पानीका मुहान सुक्दा हुने पानीको अभाव जस्ता अनुभूतिहरू हुनसक्ने आकलन गर्दछन् । यिनै अनुभूतिहरू शहर-बजारका मानिसलाई दिने सबैभन्दा ठूलो सन्देश हो ।

जलवायु परिवर्तन अब भविष्यको होइन, वर्तमानको संकट हो, शहरबजारमा बस्नेहरूले मिडिया, तथ्यांक र रिपोर्ट मार्फत जलवायु परिवर्तनको जानकारी पाउँछन्, तर गाउँवासीहरूले त्यसलाई पसिना र आँसु मार्फत बुझेका छन् । । जलवायु परिवर्तनमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पार्ने किसिमका सुविधाजनक वस्तुहरूको न्यूनीकरणमा ध्यान नदिने हो भने शहर-बजारका सडक, भवन, खानेपानी र स्वास्थ्य प्रणालीले चाँडै नै धेरै ठूलो समस्यामा पर्ने संकेत देखिएको छ ।

शहरबजारको तापक्रम बढ्दै जाँदैछ, पानीको अभाव दिनहुँ बढिरहेको छ र अझै बढ्ने सम्भावना रहेको छ । बेमौसमी वर्षाका कारण डुबान, त्यसैगरी आधुनिक सुविधाका नाममा भित्रिएका साधनहरूबाट हुने बढ्दो वायु प्रदूषण, धुलो-धुवाँले स्वास्थ्यमा पार्ने जोखिम, यी सबै संकेत ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूले पनि भोग्नुपर्ने बाध्यताहरू विस्तारै गाउँतर्फ हुइँकिँदैछ । शहरबजारमा बसी नीति निर्माण हुन्छन्, यसको असर गाउँमा देखा पर्दछ । विकासका नाममा, कृषियोग्य भूमि र वनजंगल सडकमा परिवर्तन हुँदैछन् । अवसरका नाममा मानिसहरू शहरबजार भित्रिने क्रम बढ्दो छ जसले गर्दा शहरबजार भरिँदै छन् भने गाउँ रित्तिंदैछन्, यसले जलवायु परिवर्तनको लहर गाउँ शहरमा थप फैलँदैछ । समाज र प्रकृतिसँग नमिलाइकन गरेको विकास टिक्दैन जलवायुको जोखिम बढाउन सक्दछ ।

गाउँका मानिसहरूले पानी संरक्षण गर्ने, जंगल जोगाउने, परम्परागत बाली प्रणाली अपनाउने, सामुदायिक वन र भू-व्यवस्थापनमा सक्रिय सहभागिता जनाउने जस्ता अभ्यासले जलवायु अनुकूलनमा मद्दत पुऱ्याएका छन् । शहरले पनि हरियाली बढाउने, पानी संकलन गर्ने, फोहोर व्यवस्थापनमा सुधार गर्ने, ऊर्जा खपत घटाउने र समुदायलाई समावेश गर्ने गरेमा आज जलवायुमा देखिएका संकटहरू कम गर्न सकिएला । सीमान्तकृत समुदायहरूले बचाएको जलवायुलाई अरूहरूले बचाउन, शहरले थप योगदान गर्न जरूरी छ ।

गाउँहरू कमजोर छन्, सूचना प्रवाह हुनलाई समय लाग्छ, मौसमको अद्यावधिक बारेमा पूर्व जानकारी नपाउनु, लामो तथा छोटो अवधिको मौसमको जानकारी नहुनु, गाउँमा हुने बाढी पहिरोको जोखिम कम गर्नलाई बालीनाली तथा भौतिक क्षतिको इन्स्योरेन्सको पत्तो नहुनु, बालीनालीको उत्पादनमा आएको परिवर्तनको बारेमा गाउँमा प्रभावकारी जानकारी नहुनु जस्ता विषयहरूमा कसले सूचना दिने हो? ग्रामीण भेगमा हुने जलस्रोत, वनजंगल, जडीबुटी, जंगली पशुपन्छी तथा परिवर्तित पर्यावरणीय चक्रको बारेमा अध्ययन अनुसन्धान कसले गर्ने हो !

सन् २०२५ मा जलवायु परिवर्तन सम्बन्धी भएको सम्मेलनमा उल्लेख भए अनुसार नेपालले हरित ग्यास उत्सर्जन रोक्न खेलेको महत्वपूर्ण भूमिका बापत पाउने क्षतिपूर्तिबाट कसरी न्याय पाउला । त्यस्तै, नेपालमा भएको शहरीकरणबाट भएको जलवायु परिवर्तनका कारण नेपालको ग्रामीण क्षेत्रले व्यहोर्नु परेको समस्यामा गाउँलेहरूले कसरी न्याय पाउलान् ? यस्ता प्रश्नहरू अनुत्तरित नै रहेका छन् र रहनेछन् भन्ने लाग्दछ ।

जलवायु परिवर्तनबाट भएको प्राकृतिक विनाशका कारण मानिसहरूमा परिरहेको गम्भीर असरलाई वित्तीय सहयोगबाट गरिने क्षतिपूर्ति, जघन्य अपराधको लागि धरौटीमा छुट दिए जस्तै होला कि भन्दा अत्युक्ति नहोला । नेपालको संविधानको धारा ३२ मा स्वच्छ वातावरण सम्बन्धी अधिकारको प्रत्याभूति दिएको छ । त्यस्तै नेपाल पक्ष राष्ट्र भई जलवायुका विभिन्न सम्झौतामा समेत हस्ताक्षर गरिसकेको छ । कार्बन उत्सर्जनमा अब्बल ठहरिएका विश्वका शहरहरू जसले जलवायु परिवर्तनलाई विकरालतर्फ उन्मुख गर्दै लगेको छ ।

जलवायु परिवर्तनलाई सहयोग गर्न धेरै बहुपक्षीय जलवायु कोषहरू उपलब्ध छन् । नेपालले त्यस्ता कोषहरूमा पहुँच गर्न राम्रो स्थितिमा रहेको छ । जलवायु वित्तमा स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा न्यूनीकरण, अनुकूलन, हानि र क्षतिबाट बच्नलाई विभिन्न आर्थिक कोष तयारी भएका छन् । यस्ता कोषको रकम सन् २०२३ मा १.९ ट्रिलियन अमेरिकी डलर थियो भने २०२४ मा नै २ ट्रिलियन अमेरिकी डलर भन्दा बढी रहेको छ जसको हिस्सा नेपाल जस्तो मुलुकले लिन थालिसकेको छ । केही दिन अगाडि मात्र करिब ८ अर्ब रुपैयाँको सम्झौता भइसक्केको छ । नेपालमा आर्थिक वर्ष २०८२/८३ को लागि नेपाल सरकारले वन तथा वातावरण मन्त्रालयलाई १८.६१ अर्ब बजेटमा वातावरण र संरक्षणको लागि १२.९ अर्ब र चुरे र तराई, मधेश जलाधार संरक्षणको लागि १.६९ अर्ब विनियोजन गरेको छ जसले केही हदसम्म भए पनि वन संरक्षणमा टेवा पुग्नेछ र जलवायु परिवर्तनको पक्षमा काम गर्नेछ । नेपालका प्राय: शहरहरूमा उपलब्ध खानेपानीको मुख्य स्रोत पहाडी भूभाग नै रहेको छ, पहाडको पानी सुक्दै गयो भने शहरबजारमा यसको प्रत्यक्ष असर पर्नेछ । वनजंगलहरू धेरै गाउँघरमा नै छन्, त्यहाँको स्वच्छ हावापानीले नै शहरबजारमा स्वच्छ हावा चलेको छ । खनिज, कृषिउपज, बालीनाली, जडीबुटी, फलफूल शहरबजारलाई पठाएको छ । शिक्षा, स्वास्थ्य, सीप, मनोरञ्जन जस्ता सुविधाको लागि गाउँको जमिन र त्यहाँका मानिसहरू प्रत्यक्ष रूपमा प्रयोग भइरहेका छन् वा भनौं गाउँबाट यो शहरले धैरै कुरा पाएको छ ।

*(साभार: अनलाइनखबर)*

# हिउँदे वर्षाका लागि ब्याकुल नेपाल, ताता वर्षले थपिँदै संकट



काठमाडौं/यस वर्ष हिउँदमा पर्याप्त वर्षा नहुँदा मुलुकभर सुक्खापन बढ्दै गएको छ । मंसिर देखि माघसम्म हुनुपर्ने औसत वर्षा नभएपछि यसको प्रत्यक्ष असर कृषि, जलविद्युत्, पर्यटन र स्वास्थ्य क्षेत्रमा मात्र नभई आगामी 'प्रि-मनसुन' (फागुन-जेठ) मा समेत पर्ने विज्ञहरूले औंल्याएका छन् । त्रिभुवन विश्वविद्यालय जल तथा मौसम विज्ञान विभागका सहप्राध्यापक मदन सिग्देलका अनुसार, गत कात्तिकमा आएको चक्रवातका कारण जमिनमा केही ओस रहे पनि हिउँदे वर्षाको अभावले गर्दा त्यो ओस समेत सुक्दै गएको छ ।

'अहिलेको सुक्खापनले आगामी चैत-वैशाखको समयलाई थप कष्टकर बनाउने देखिएको छ,' सिग्देल भन्छन्, 'जलचक्र र जमिनको पानीको सन्तुलन बिग्रिँदा माटोको ओस पूर्णरूपमा हराउने र यसले प्रि-मनसुन प्रणालीलाई समेत प्रभावित पार्ने देखिन्छ ।' जल तथा मौसम विज्ञान विभागका अनुसार हिउँदमा सरदर करिब ६० मिलिमिटर (५९.८ मिलिमिटर) वर्षा हुन्छ । तर यस वर्ष १६ मंसिरदेखि १३ माघ बिहान ८:४५ बजेसम्म सरदर ६.०२ प्रतिशत अर्थात् ३.६ मिलिमिटर मात्र वर्षा भएको विभागको रेकर्ड छ ।

'हिउँदयामका डिसेम्बर र जनवरी महिनाको सरदर वर्षा क्रमश: ९ र २२ मिलिमिटर हो । तर यसपालि डिसेम्बर महिनामा शून्य वर्षा भयो,' जल तथा मौसम विज्ञान विभागको मौसम विश्लेषण शाखाका मौसमविद अशोक बखेल भन्छन् । यो वर्ष पश्चिमी न्यूनचापीय प्रणाली कमजोर हुँदा सुदूरपश्चिमदेखि गण्डकी प्रदेशसम्म मात्र वर्षा र हिमपात भएको छ । केही हिमाली भेगबाहेक अन्यत्र राम्रोसँग हिउँ र पानी पर्न सकेन । यस वर्ष गत कात्तिक महिनामा देशभरका उच्च पहाडी र हिमाली भेगमा हिउँ परेको थियो । त्यसपछि माघ ९ र १० गते पनि सुदूर पश्चिमदेखि गण्डकी प्रदेशका भूभागहरुमा हल्कादेखि मध्यम खालको हिउँ/पानी परेको छ ।

माघ १३ र १४ गते पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले पर्ने पानीले पनि सरदर वर्षाको मात्रा नभेट्ने विभागका बरिष्ठ मौसमविद बरुण पौडेल बताउँछन् । उनले भने, 'माघ ९/१० गतेको तुलनामा १३/१४ गतेको प्रणाली अलिकति बलियो त छ तर त्यतिले मात्र पनि हिउँदको सरदर वर्षा (५९.८ मिलिमिटर) को मात्रा पुग्दैन ।' यद्यपि हिउँद अवधि फागुन १५ गतेसम्म रहने भएकाले यस बिचमा पानी र हिउँको मात्रा केही थपिनेमा आशावादी हुन सकिने उनले बताए । विभागले ३० वर्ष अवधिको (सन् १९९१ देखि सन् २०२० सम्मको) १२६ वर्षा मापन केन्द्रमा रेकर्ड भएको वर्षाको तथ्यांकको आधारमा सरदर वर्षाको मात्रा निकाल्ने गर्दछ ।

**बढ्दैछन् सुक्खा वर्ष**

मौसमविदहरुका अनुसार विगत केही वर्षका हिउँद सुक्खा हुँदै गएको रेकर्ड छ । गत सन् २०२५ को हिउँद सबैभन्दा सुक्खाको रुपमा दर्ज भएको छ । सन् २०२५ मा हिउँदयाममा जम्मा १२.३० मिलिमिटर मात्र वर्षा भएको विभागको रेकर्ड छ । सन् २०२५ मा अधिकांश स्थानमा सामान्यभन्दा ६० प्रतिशत बढी सुक्खा देखिएको थियो । वर्ष २०२५ मा पश्चिमी पहाडी भागहरुमा मात्रै हल्का वर्षा भएको थियो । काठमाडौं उपत्यकासहित तराई मधेशका भूभागहरू पनि सुक्खा नै रहे ।

त्यसो त पछिल्ला प्राय सबै वर्ष (सन् २०२० र सन् २०२२ बाहेक)का हिउँद सुक्खा छन् । 'सन् २०२० र २०२२ हिउँदमा सबैभन्दा बढी पानी परेका वर्ष हुन्,' मौसमविद बखेलले भने, '२०२२ मा १०१.९७ मिलिमिटर वर्षा रेकर्ड छ ।' विभागको तथ्यांकअनुसार सन् २०२० को डिसेम्बरदेखि सन् २०२१ को जनवरी-फेब्रुअरीसम्म हिउँदमा १३.५४ मिलिमिटर वर्षा भएको छ । यसैगरी सन् २०२२ मा १०१.९७ मिलिमिटर, सन् २०२३ मा १२.९३ मिलिमिटर, सन् २०२४ मा १३.९७ मिलिमिटर र सन् २०२५ मा १२.३० मिलिमिटर वर्षा भएको छ ।

**किन हुन सकेन वर्षा ?**

जल तथा मौसम विज्ञान विभागले यस वर्षको हिउँदमा वर्षा र जाडो दुवै कम हुने प्रक्षेपण गरेको थियो । विभागले गरेको हावापानीको सो आँकलन मिलेको देखिन्छ । विगतका वर्षहरूमा हिउँदे झरी पर्ने र त्यसपछि चिसो बढ्ने परम्परागत प्याटर्न अहिले पूर्णरूपमा बदलिएको छ । विश्वव्यापी उष्णताका कारण यो वर्ष न्यानो दिन र न्यानो रातको संख्या बढेको विज्ञहरु बताउँछन् ।

'काठमाडौं जस्ता सहरहरूमा समेत न्यूनतम तापक्रम विगतको तुलनामा माथि नै रहनुले हिउँदे प्रणाली कमजोर भएको पुष्टि गर्छ,' त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम केन्द्रीय विभागका सहप्राध्यापक मदन सिग्देल भन्छन्, 'भूमध्य सागरमा विकसित हुने वायुको प्रभाव कमजोर हुँदा नेपालसम्म आउने वर्षाको प्रणाली सुस्ताएको हो ।' उनी भन्छन्, 'हिउँद अवधिमा पश्चिमी वायुको प्रणाली बलियो भएर कम्तीमा ४-५ वटा श्रृंखला आउनुपर्नेमा त्यसो हुन नसक्दा सुक्खा दिन बढिरहेको छ ।'

विज्ञहरुका अनुसार केही वर्षयता गण्डकी प्रदेशभन्दा पूर्वी भागमा हिउँदयाममा पानी पर्न छाडेको छ । 'पहिलेको जस्तो हिउँदे झरी हरायो, गण्डकी भन्दा पूर्व त झन् पानी पर्नै छाडेको जस्तो देखिएको छ, उल्टो ताता वर्षहरु बढेका छन्,' वरिष्ठ मौसमविद पौडेल भन्छन्, 'माघ महिनाको मध्यतिर आउँदा धेरैबेर घाम ताप्नै नसक्ने अवस्था भइसकेको छ ।'

**सुक्खासागै बढे ताता वर्ष**

मौसमविदका अनुसार केही वर्षयता सुक्खायामसँगै ताता दिन र ताता रात पनि बढ्दै गएका छन् । न्यूनतम तापक्रमले रातको समयको (सूर्यास्तपछि र सूर्योदयभन्दा अघिको) र अधिकतम तापक्रमले दिउँसोको (सूर्योदयपछि र सूर्यास्तभन्दा अघिको) समयको तापक्रमलाई जनाउँछ । जल तथा मौसम विज्ञान विभागका अनुसार हिउँद अवधिको सरदर न्यूनतम तापक्रम ८.८२ डिग्री सेल्सियस र सरदर अधिकतम तापक्रम २२.९६ डिग्री सेल्सियस हो । यो सन् १९९१ देखि सन् २०२०सम्म (३० वर्ष अवधि) मा २० वटा केन्द्रबाट लिइएको औसत तापक्रमको आधारमा निकालिएको हो ।

विभागका अनुसार पछिल्ला पाँच वर्षलाई हेर्दा सन् २०२० र २०२२ मा अधिकतम तापक्रम सरदरभन्दा कम मापन भएको छ । तर सन् २०२१, २०२३, २०२४ र २०२४ मा भने अधिकतम तापक्रम सरदर भन्दा बढी छ । अर्थात् यी वर्षहरुमा दिउँसोको समय ताता छन् । जलवायु परिवर्तनको असरका कारण पृथ्वी तात्दै गएको बताउँछन् । युरोपियन युनियन अन्तर्गतको कोपर्निकसले सार्वजनिक गरेको तथ्यांकले पनि त्यसलाई पुष्टि गर्दछ । कोपर्निकसको तथ्यांक अनुसार पछिल्ला ११ वर्ष हालसम्मकै ताता वर्ष बनेका छन् । सन् २०२५ तापमानको अभिलेख राख्न थालिएयताकै तेस्रो तातो वर्षका रुपमा दर्ज भएको छ । औपचारिक रुपमा सन् १८५० देखि विश्वको तापमानको अभिलेख राख्न थालिएको हो । सन् २०२३, २०२४ र २०२५ लगातार ताता वर्षका रुपमा दर्ज भएका छन् ।

**बहुपक्षीय असर, अनुकूलनमा जोड**

सुक्खा र ताता वर्षले नेपाल पनि प्रभावित भएको छ । हालसम्मको स्थितिले नेपालमा यो वर्षको हिउँद औसतभन्दा निकै सुक्खा रहने र त्यसको दीर्घकालीन असर प्रि-मनसुनसम्मै पर्ने संकेत देखिएको विज्ञहरु बताउँछन् । हिउँदे वर्षा नहुँदाका प्रभावहरूलाई विज्ञले मुख्य गरी चार क्षेत्र (कृषि, जलविद्युत्, पर्यटन र वन डढेलो) मा वर्गीकरण गरेका छन् ।

सुक्खापनका कारण हिउँदे र नगदे बाली प्रभावित भएका छन् । मध्य पहाडी र हिमाली क्षेत्रमा पानी अभावमा कतिपय किसानले खेती गर्न छाडेका छन् । खोलाको बहाव कम हुँदा र हिमालमा पर्याप्त हिउँ सञ्चित हुन नसक्दा जलविद्युत् उत्पादनमा कमी आउने जोखिम बढेको छ । हिउँ नपर्दा हिमाल काला देखिन थालेका छन्, जसले पदयात्रा र हिमाली पर्यटनको आकर्षण घटाउन सक्ने जोखिम छ । यसैगरी सुक्खापनले वन डढेलोको जोखिम पनि बढाएको छ ।

मौसमविद सिग्देल भन्छन्, 'हिउँदमा पर्याप्त पानी र पर्याप्त हिउँ नपर्दा मुख्य गरी कृषि, जलविद्युत्, पर्यटन क्षेत्रमा समस्या देखिए पनि यीसँग जोडिने बहुआयामिक असरहरु हुन्छन्, जुन चिन्ताजनक छन् ।' कृषि विज्ञहरु लगातारको सुक्खाले बालीनाली प्रभावित हुने र खेती प्रणाली बिथोलिएर खाद्य संकट नै आउनसक्ने चेतावनी दिन्छन् । त्यसैले जलवायु अनुकुलनका उपाय अपनाउन जरुरी भइसकेको उनीहरुको भनाइ छ । कृषिविज्ञ डा.कृष्णप्रसाद पौडेल भन्छन्, 'बदलिँदो मौसमसँगै हामीले अनुकूलनका उपाय अपनाउन जरुरी भइसकेको छ । अब मौसम अनुसारको दैनिकी, खेतिपाती र पूर्वाधार निर्माणमा जोड दिनुपर्छ । जलवायु परिवर्तनको खास विशेषता नै तापक्रमको बढोत्तरी र पानीको अनिश्चतता हो । अहिले हाम्रो मौसम अनुसार बनाइएको परम्परागत खेतीपातीको पात्रो जलवायु परिवर्तनको कारण खलबलिएको छ । त्यसैले अब खेतीपात्रो नै अनुकूलन बनाउन जरुरी छ ।'

*(स्रोत: अनलाइनखबर)*

## चौथो कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिता

# कमाने लायन्सको अपराजित यात्रा कायमै



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ हेटौंडा-८,कमानेस्थित कमाने क्रिकेट क्लबको आयोजनामा जारी चौंथो संस्करणको कमाने क्रिकेट प्रतियोगिताको चौंथो खेलमा कमाने लायन्स जीत निकालेको छ । मंगलबार भएको खेलमा कमाने इप्लानेट ब्लास्टरलाई २ विकेटले हराउँदै कमाने लायन्सले जीत दर्ता गरेको हो ।

लिग चरणको ३ खेलहरुमा शान्दार जीत दर्ता गर्दै कमाने लायन्सले अपराजित यात्रालाई कायमै राखेको छ । लिग चरणको ३ खेल खेलेर ३ खेलमै जीत दर्ता गरेको कमाने लायन्स ६ अकंसहित तालिकाको शीर्ष स्थानमा रहेको छ । लिगको पहिलो खेलमा कमाने लायन्सले कमाने रोयल्सलाई ८ विकेटले, दोस्रो खेलमा कमाने थर्ड आइ जापान समुरायलाई ८ विकेटले र तेस्रो खेलमा कमाने इप्लानेट ब्लास्टरलाई २ विकेटले हराएको छ । लिगको ३ खेल खेलेको कमाने इप्लानेट ब्लास्टर २ जीत निकालेको छ ।

पहिलो व्याटिङ गरेको कमाने इप्लानेटर ब्लास्टरले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर कमाने लायन्सलाई १ सय ५५ रनको लक्ष्य दिएको थियो । कमाने इप्लानेट ब्लास्टरका लागि विजय घलानले ४६ बलमा ७२ रन बनाउँदै आफ्नो नाममा अर्धशतक राख्न सफल भएका थिए । रिशभ चौधरीले २८ बलमा रन र सरोज यादवले ८ बलमा १६ रनमै सीमित बन्न पुगेका थिए । बलिङतर्फबाट कमाने लायन्सबाट समीर चौलागाईंले २ विकेट, सुभ कंसकारले र रमेश लुईंटेलले समान १/१ विकेट मात्र लिन सकेका थिए ।

१ सय ५६ रनको लक्ष्य पछ्याउँदै जवाफी व्याटिङमा उत्रिएको कमाने लायन्सले १९ ओभर ३ बलमा ८ विकेट गुमाउँदै कमाने इप्लानेट ब्लास्टरले दिएको रनको लक्ष्य भेट्टाएको थियो । कमाने लायन्सका लागि विवेक सहनीले २५ बलमा ४७ रन, रमेश लुईंटेलले २३ बलमा ४२ रन र अरुण दाहालले ११ बलमा २२ रन बनाएका थिए । कमाने इप्लानेट ब्लास्टर बाट विजय घलान, रिसभ चौधरी र सुजन चौलागाईंले समान २/२ विकेट लिएका थिए । खेलको म्यान अफ द म्याच विवेक सहनी घोषित भएका छन् ।

यस्तै, कमाने एक्सपर्ट भिजन-११ ले हेटौंडा-८ कमानेमा जारी चौंथो संस्करणको कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिता अन्तर्गत लिग चरणको खेलमा २ जीत निकालेको छ । लिग चरणको ३ खेल खेलेको कमाने एक्सपर्ट भिजन-११ मंगलबारको खेल सकिँदासम्म २ जीत निकालेको छ भने एक हार व्यवहोरेको छ । पहिलो खेलमा कमाने एक्सपर्ट भिजन-११ कमाने इप्लानेट ब्लास्टर सँग ६ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा कमाने राइडर्सलाई ७१ रनले कमाने एक्सपर्ट भिजन-११ ले हराएको थियो ।

मंगलबार भएको पहिलो खेलमा कमाने एक्सपर्ट भिजन-११ ले कमाने थर्ड आइ जापानलाई १ सय ८६ रनले सहजै पराजित गरेको छ । पहिले व्याटिङ गरेको कमाने एक्सपर्ट भिजन-११ ले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै २ सय ४४ रन बनाएको थियो । कमाने एक्सपर्ट भिजनका लागि असीम श्रेष्ठले २८ बलमा सर्वाधिक ६० रन बनाउदै अर्धशतक प्रहार गरेका थिए । सन्जीव थापाले पनि १४ बलमा ५४ रन बनाउदै अर्धशतकै प्रहार गरेका थिए भने मेराज देउवान ४० बलमा ४९ रन बनाएका थिए । बलिङ्तर्फ कमाने थर्ड आइ जापानबाट सन्देश भट्टराई, विशेष थापा र समीर मगरले १/१ विकेट मात्र लिन सकेका थिए ।

२ सय ४५ रनको लक्षय पच्छ्याएको थर्ड आइ जापानले १० ओभर ३ बलमा ५८ रन बनाउँदै अल आउट भएको थियो । थर्ड आइ जापानबाट तक्षक सिम्खडाले २६ रनको मात्र योग्दान दिन सकेका थिए । विशेष थापाले ११ रन र गोकुल चौलागाईंले ६ रनमा मात्रै सीमित भए । बलिङ्तर्फ कमाने एक्सपर्ट भिजनबाट सागर मगरले सर्वाधिक ६ विकेट लिएका थिए । श्याम सुन्दर यादवले २ विकेट र असीम श्रेष्ठले १ विकेट लिएका थिए । खेलको म्यान अफ द म्याच सागर मगर घोषित भएका छन् ।

उनले १ हजार रुपैयाँको नगद पुरस्कार तथा मेडल प्राप्त गरेका छन् । भोलि बुधबार हुने पहिलो खेलमा कमाने राइडर्स र कमाने लायन्स तथा दोस्रो खेलमा कमाने रोयल्स र कामाने थर्ड आइ जापानबीच प्रतिस्पर्धा हुनेछ । खेल बिहान ९ बजेबाट सुरु हुनेछ । हेटौंडा-४,स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्ट सोसिएल एण्ड साइनसको मुख्य प्रयोजनमा सुरु भएको प्रतियोगितामा ६ वटा टिमहरुको सहभागिता रहेको छ ।

प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई ४० हजार रुपैयाँ बराबरको क्रिकेट किट प्रदान म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले घोषणा गरेका छन् । प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# ८२ प्रहरीमाथि एकसाथ हेडक्वार्टरको छानबिन, तालिम नै नगरी ट्राफिकको ड्युटी

काठमाडौं/२ लाख रुपैयाँ असुलेर लागुऔषध कारोबारीलाई छाडेको आरोप लागेका दुई जना प्रहरी जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा छन् । प्रहरी हवल्दार धीरेन्द्र विष्ट र जवान सुजन कार्कीलाई प्रहरीले हिरासतमा लिएको हो ।

उनीहरूले लागुऔषध कारोबारीसँग रकम असुलेको पाइए पछि हिरासतमा राखेर अनुसन्धान अघि बढाइएको परिसरका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराई बताउँछन् । अहिले हिरासतमा रहेका उनीहरू काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा कार्यरत थिए । सादा पोशाक (घुमुवा) प्रहरीको रूपमा कार्यरत विष्ट भने यसअघि पनि यस्तै प्रकृतिको घटनामा जोडिएका थिए ।

उनी २०७७ सालमा न्युरोडमा हुन्डीको १० लाख रुपैयाँ लुटपाटमा जोडिएका थिए । त्यतिबेला उनी जिल्ला प्रहरी परिसर काठमाडौंको घुमुवा प्रहरीको रूपमा कार्यरत थिए । यो लुटपाट घटनामा सफाइ पाएपछि उनी जागिरमा फर्किएका थिए । उनै दागी विष्टलाई फेरि उपत्यका प्रहरी कार्यालयले सादा पोशाकमा खटाउँदा लागुऔषध कारोबारीसँगै रकम असुलेको भेटिएको हो ।

'कानुनको नरजमा सबै जना बराबरी हुन्छन् भन्ने सन्देश हो यो । प्रहरी नै भए पनि गल्ती गरेपछि उन्मुक्ति पाउँदैनन्,' परिसरका एसपी भट्टराई भन्छन् ।

सादा पोशाकका प्रहरी २ लाख घुससहित पक्राउ परेको यो पहिलो घटना भने होइन । सादा पोशाकमा रहेर काम गर्ने प्रहरीहरू पटकपटक विवादमा आउने गरेका छन् । चोरीदेखि रकम असुलीसम्म लाग्ने गरेको गुनासो व्यापक आउने गरेको छ ।

सादा पोशाकमा काम गर्ने प्रहरीमाथि धमाधम उजुरी र गुनासो आउने तथा उनीहरू रकम असुलीमा मुछिएको भेटिएपछि प्रहरी प्रधान कार्यालयले अहिले त्यस्ता प्रहरीलाई धमाधम हेडक्वार्टर झिकाइरहेको छ । २० पुसमा मात्रै प्रहरी प्रधान कार्यालयको सञ्चार महाशाखाका उपशाखा अधिकारी इन्स्पेक्टर रविनराज मैनालीले हस्ताक्षर गर्दै एक पत्र जारी गर्दै ३२ प्रहरीलाई हेडक्वार्टर पठाउन निर्देशन दिएका थिए ।

कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी प्रदेशलाई सम्बोधन गरिएको पत्रमा भनिएको छ, 'आवश्यक छानबिनको सिलसिलामा केही कुराहरू बुझ्नुपर्ने भएको हुँदा निम्न प्रहरी कर्मचारीहरूलाई आवश्यक सम्पूर्ण सर-सामग्रीसहित कार्यालय पोशाकमा २१ पुसमा कार्यालय समय भित्र यस महाशाखामा सम्पर्क गर्ने गरी उपस्थित गराइदिनु हुन भनी प्रहरी प्रधान कार्यालयको सुपरिवेक्षण तथा अनुगमन महाशाखाको च.नं. २३८४ को पत्र प्राप्त हुन आएको हुँदा तोकिएको समयमा उपस्थित हुने गरी खटाइ पठाउनुहुन निर्देशानुसार अनुरोध ।' यसरी गरिएको पत्राचारमा प्रहरी जवानदेखि प्रहरी नायव निरीक्षक (सई)सम्मको नाम उल्लेख छ । नाम उल्लेख भएका अधिकांशजसो मधेश प्रदेशमा कार्यरत छन् ।

यी ३२ जना मात्रै होइन अहिलेसम्म ८२ जनालाई प्रहरी हेडक्वार्टर झिकाएर छानबिन गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्लेले बताए । '८२ जनालाई हेडक्वार्टर झिकाएका छौं । उजुरी छानबिन महाशाखाले छानबिन गरिरहेको छ,' डीआईजी काफ्लेले संचारकर्मीसँग भने । संगठनको नीतिविपरीत काम गरेका, आर्थिक अनियमिततामा जोडिएका, उजुरी परेका, अवैध गतिविधि गरेको भन्दै विभिन्न पत्रपत्रिकामा नाम आएकाहरू अहिले छानबिनको दायरामा तानिएको उनले बताए ।

उनीहरूमाथि अहिले प्रहरी हेडक्वार्टरले छानबिन गरिरहेको छ । दोषी देखिएको अवस्थामा कसुर अनुसारको विभागीय कारबाही गर्ने तयारी गरिएको छ । यदि कोही छानबिनपछि निर्दोष देखिएको अवस्थामा भने सम्बन्धित कार्यक्षेत्रमा फर्काइने समेत हेडक्वार्टरले बताएको छ । यसअघि सादा पोशाकमा कार्यरत प्रहरी कर्मचारी बदनाम भएको भन्दै १५ चैत २०८० मा तत्कालीन गृहमन्त्री रवि लामिछानेले सादा पोशाकमा प्रहरी परिचालन नगर्न प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएका थिए ।

'हाल परिचालन गरिएका सादा पोशाकका प्रहरी कर्मचारीलाई (अपराध अनुसन्धान शाखामा कार्यरत बाहेक) तत्काल जिम्मेवारी परिवर्तन गरी नियमित युनिफर्म ड्युटीको जिम्मेवारी दिई निजहरूको काम, कारबाहीको समेत कार्यालय प्रमुखबाटै नियमित निगरानी गर्ने व्यवस्था मिलाउनुहुन निर्देशानुसार अनुरोध छ,' गृहको परिपत्रमा भनिएको थियो ।

सादा पोशाकमा कार्यरत प्रहरी बदनाम भएपछि २०७९ मा तत्कालीन डीआईजी (हाल एआईजीबाट अवकाश) टेकप्रसाद राईको नेतृत्वमा अध्ययन कार्यदलसमेत गठन गरिएको थियो । राई नेतृत्वको कार्यदलले तत्कालीन आईजीपी धीरजप्रताप सिंहलाई प्रतिवेदन बुझाएको थियो । सादा पोशाकमा परिचालन गरिने प्रहरी कर्मचारीको योग्यता र ट्र्याक रेकर्ड हेर्नुपर्ने कार्यदलले सुझाव दिएको थियो । सूचना संकलन र ह्युमन इन्टेलिजेन्सका लागि प्रयोग गरिने सादा पोशाकका प्रहरीले छुट्टै तालिम लिनुपर्ने गरी कार्यविधि बनाउन सिफारिस गरिएको थियो । तर, यो प्रतिवेदनअनुसार कुनै काम नै भएन । अहिले लागुऔषध कारोबारीसँग २ लाख असुलेको आरोपमा हिरासतमा रहेका विष्ट स्वयं यसअघि १० लुटपाटमा जोडिएका व्यक्ति हुन् । ट्र्याक रेकर्ड अनुसार हेर्ने हो भने उनी सादा पोशाकमा बसेर काम गर्न अयोग्य मानिन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# पोखराबाट 'आ बाट आमा'ले सुरू गऱ्यो सांगीतिक यात्रा




काठमाडौं/कलाकारहरूको रोचक लाइनअपका कारण चर्चामा रहेको फिल्म 'आ बाट आमा' माघ १६ गतेबाट प्रदर्शनमा आउँदैछ । गीतदेखि ट्रेलरले दर्शकमा उत्साह बढाइरहेका बेला निर्माण पक्षले प्रचारलाई अझ प्रभावकारी बनाउन सांगीतिक यात्रा सुरू गरेको छ । यसको सुरूवात पोखराबाट गरिएको छ । मंगलबार साँझ ५ बजेदेखि पोखराको लेकसाइडमा फिल्मको कन्सर्ट भइरहेको छ ।

पोखरापछि बुधबार चितवन र माघ १५ गते (बिहीबार) काठमाडौंको गोंगबुस्थित सिटी स्क्वायर मलमा सांगीतिक कार्यक्रम राखिएको छ । तीनवटै सहरका कार्यक्रममा फिल्मका मुख्य कलाकारहरू विपना थापा, प्रदीप रावत (गजनी भिलेन), पल शाह, साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्तसहित गायक करण परियारले विशेष प्रस्तुत दिनेछन् ।

आमा र छोराको भावनात्मक सम्बन्धको कथामा आधारित यो फिल्मले केन्दीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)बाट युनिभर्सल सर्टिफिकेट प्राप्त गरेको छ । योसँगै फिल्मलाई अब सबै उमेर समूहका दर्शकले हेर्न पाउनेछन् । उक्त सर्टिफिकेटले फिल्म पूर्ण पारिवारिक रहेको प्रस्ट पार्छ । फिल्मको रनटाइम २ घन्टा ४० मिनेट तय गरिएको छ ।

चन्द्र पन्तको निर्देशनमा बनेको यस फिल्ममा कोशिस क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतमको संगीत, अभिमन्यू निरवी, अमर न्यौपाने, र चन्द्र पन्तको संवाद, नवराज उप्रेतीको छायांकन तथा साहिल खान र मिलन श्रेष्ठको सम्पादन रहेको छ । फिल्ममा कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर, ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगाना निर्माताको रूपमा छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### प्रधानमन्त्रीद्वारा द्रुतमार्गको निरीक्षण

# धार्मिक विश्वास र सम्पदालाई असर नपार्न निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ प्रधानमन्त्री सुशीला कार्कीले निर्माणाधीन काठमाडौं-तराई द्रुतमार्ग निरीक्षण गरेकी छन् । उनले मंगलबार बिहान नेपाली सेनाका अधिकारी र उच्चपदस्थ कर्मचारीको टोलीसहित द्रुतमार्ग निरीक्षण गरेकी हुन् ।



निरीक्षणको क्रममा प्रधानमन्त्री कार्कीले सडक पूर्वाधार लगायतका विकास निर्माण अघि बढाउँदा धार्मिक विश्वास र सांस्कृतिक सम्पदालाई असर पुऱ्याउन नहुनेमा जोड दिइन् । उनले स्थानीयका सरोकारलाई गम्भीररुपमा लिई समाधान खोज्न निर्देशन दिइन् । 'स्थानीयका सरोकारलाई गम्भीरता पूर्वक ध्यान दिई समाधान खोज्नुपर्छ । आवश्यक परेको खण्डमा रेखांकन र जिरोविन्दु समेत परिवर्तनका लागि तयार हुनुपर्छ । उहाँहरुको विश्वासमा आधात नपुग्ने गरी हाम्रा विकास निर्माण अघि बढाउनुपर्छ' उनले भनिन् ।

प्रधानमन्त्री कार्कीले भौतिक संरचनालगायत निर्माण गरिँदा आवश्यक पर्याप्त खाली ठाउँको व्यवस्था मिलाउन सुझाव दिइन् । 'प्राकृतिक विपद्को बेला खुला ठाउँको आवश्यक पर्छ, मानिसको ओहारदोहर, मेला, पर्व र भेला तथा जमघटका लागि पनि खुला ठाउँ आवश्यक पर्छ । त्यसकारण खाली ठाउँ देख्नेबित्तिकै संरचना बनाउनुपर्छ भन्ने धारणा त्याग्नुपर्छ । योजना बनाउँदा नै पर्याप्त खाली र खुला ठाउँ छाडेर योजना बनाउने र संरचना निर्माण गर्नुपर्छ' उनले बताइन् ।

यसअघि प्रधानसेनापति अशोकराज सिग्देल र आयोजना प्रमुख उपरथी धर्मेन्द्र झाले आयोजनाको हालसम्मको कार्यप्रगति, चुनौतीलगायत विषयमा प्रधानमन्त्री कार्कीलाई जानकारी गराएका थिए । नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन यस मार्गको विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) स्वीकृतमा समय लाग्दा आयोजनाको काम सुरुगर्न केही ढिलाइ भएको थियो । कुल ७० दशमलव ९७७ किमी लम्बाइको आयोजनाको भौतिक प्रगति हाल करिब ४५ प्रतिशतको हाराहारीमा पुगेको छ ।

द्रुतमार्गअन्तर्गत् ८७ वटाभन्दा बढी पुल निर्माण गर्नुपर्नेछ । तीमध्ये केही विशिष्ट प्रकृतिका ८२ मिटरसम्म अग्ला पुल छन् । त्यस्ता पुलसमेत निर्माणको अन्तिमचरणमा पुगिसकेकाले आयोजना निर्धारित मिति २०८३ चैत मसान्त र प्रारम्भिक अनुमानित लागत दुई खर्ब १३ अर्बभित्रै निर्माण सम्पन्न गर्ने सेनाले जनाएको छ । द्रुतमार्गअन्तर्गत अहिलेसम्म विशेष प्रकृतिका १३ वटा पुल निर्माण भइसकेका छन् । अहिलेसम्म ८२ मिटरसम्म उचाइका विशेष प्रकृतिका ती पुलको निर्माण सम्पन्न भएको हो । यो आयोजनाको मकवानपुरस्थित लेनडाँडा क्षेत्रमा ८२ मिटर अग्लो पुल निर्माण सम्पन्न भएको हो । आयोजनाका विभिन्न खण्डमा करिब १३ किलोमिटर लम्बाइका कुल ८९ वटा पुल निर्माण गर्ने गरी डिजाइन गरिएको छ ।

नेपाली सेनाका सहायकरथी तथा प्रवक्ता राजाराम बस्नेतले यस आयोजनाअन्तर्गत कुल ८९ वटा पुल निर्माण गर्नुपर्ने भएपनि अहिलेसम्म ८५ वटा पुल निर्माणका लागि ठेक्का सम्झौता भई काम भइरहेको बताए । सम्झौता भएकामध्ये १३ वटाको निर्माण सम्पन्न भइसकेको जानकारी दिँदै बस्नेतले द्रुतमार्ग अन्तर्गत पुलको कुल लम्बाइ १२ दशमलब ८८५ किलोमिटर रहेको बताए । यस आयोजनाको काठमाडौंतर्फबाट प्रस्थानविन्दुका रुपमा रहेको खोकनामा जग्गा अधिग्रहणसम्बन्धी समस्याका कारण त्यहाँ निर्माण गर्नुपर्ने चारवटा पुलको अहिलेसम्म ठेक्का प्रक्रिया अगाडि बढाउन सकिएको छैन । उनले भने, 'निर्माणाधीन पुलमध्ये ५४ स्थानका पुलको जग हाल्ने (फाउन्डेसन) काम र ३४ स्थानका पुलको 'सब स्ट्रक्चर' सम्पन्न भइसकेको छ ।'

त्यसैगरी आयोजना अन्तर्गत सडक कालोपत्र गर्ने काम सुरु भइसकेको बताउँदै सैनिक प्रवक्ता बस्नेतले पाँच किलोमिटर 'सर्भिस लेन' को कालोपत्र सम्पन्न भइसकेको जानकारी दिए । उनकाअनुसार ११ किलोमिटर सडकको 'सब बेस' काम पूरा भइसकेको छ । द्रुतमार्गको निजगढक्षेत्रमा जनावर हिँड्ने बाटो (एनिमल अन्डरपास) को मुख्य संरचना निर्माणको काम सम्पन्न भइसकेको छ । यो क्षेत्रमा 'टोल प्लाजा' र 'इन्टरचेन्ज' निर्माण भइरहेको छ । यस आयोजनाको बुदुने भन्ने ठाउँमा दुईवटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक वटा इन्टरचेन्ज र टोल प्लाजा निर्माण गर्ने गरी डिजाइन गरिएको छ ।

यो काठमाडौं उपत्यकासँग मध्यतराईको सीधा सम्पर्क जोड्ने छोटो दूरीको राजमार्ग हुनेछ । निर्माणपछि तराईबाट काठमाडौंमा ल्याइने सामान ढुवानीमा ठूलो मात्रामा लागत र समय घट्ने तथा मुलुकको आर्थिक विकासमा उल्लेख्य टेवा पुग्ने अपेक्षा गरिएको छ । आयोजनाअन्तर्गतका सातवटा सुरुङ छन् । आयोजनाको लक्ष्यअनुसार कार्यसम्पन्न गर्न विशेष प्रयास गरिरहेको सेनाले जनाएको छ ।

# चैनपुर जेसीज मनहरीमा गौतम पदस्थापित



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ चैनपुर जेसीज मनहरीको वर्ष सन् २०२६ को अध्यक्षमा सुरेश गौतम पदस्थापित भएका छन् ।

मनहरी ४ गोलघरस्थित सभाहलमा भएको तेस्रो पदस्थापन कार्यक्रमबीच २०२५ का अध्यक्ष श्रीकृष्ण ढकालले गौतमलाई अध्यक्षको माला (चेन) हस्तान्तरण गर्दै अध्यक्षमा पदस्थापित गराएका हुन् । अध्यक्षमा पदस्थापित गौतमले कानूनी सल्लाहकार विवेकआनन्द न्यौपाने, महासचिव सन्जिव तिमल्सिना सुदिप, कोषाध्यक्ष बालकृष्ण बिष्ट, सचिव कृष्णप्रसाद खनाल, शाखा सम्पादक हरि अधिकारी, जनसम्पर्क अधिकारी उज्ज्वल बर्तौला र प्रकरण निर्देशक शिवराज गिरीलाई मनोनित गरेका छन् ।

जेसीजको साधारण सभाबाट कार्यकारिणी उपाध्यक्षमा राजु सुवेदी र नवराज रिजाल तथा उपाध्यक्षमा मनोज चौलागाईं, पुष्कर रेग्मी, सुरज ढुंगाना र सन्तोष ढकाल चयन भएका थिए । गौतमले बोर्ड सल्लाहकारमा दीपेन्द्रकुमार बर्तौला, वसन्तकुमार सिटौला, प्रेमप्रसाद बोलखे, विनोदकुमार बर्तौला, पुस्कल न्यौपाने, राममणि बर्तौला र सुनिल अधिकारी तथा अध्यक्ष सल्लाहकारमा ज्योतिराज लुइँटेल, विदुरविक्रम थापा, पूर्णप्रसाद अर्याल, प्रकाश थापा र खुसी कार्कीलाई मनोनित गरेका छन् । अध्यक्षमा पदस्थापित गौतमले सबैलाई समेट्दै कार्यकाल नमूनालायक बनाउन लागिपर्ने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रम संयोजक राजु सुवेदीको संयोजकत्वमा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यता रहेको थियो । घलानले जेसीजसँगको सहकार्यका लागि जिल्ला समन्वय समिति तयार रहेको बताए । कार्यक्रममा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, नेपाल जेसीजका निरुपित राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष स्वप्ना पौडेल भण्डारी, मनहरी ४ का वडाअध्यक्ष प्रकाश थापा, ५ का वडाअध्यक्ष दीपेन्द्र अधिकारी, चैनपुर जेसीजका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, पर्साखैरहनी जेसीजका अध्यक्ष धनवीर चौधरीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

चैनपुर जेसीजले स्थापना गरेको माधव ढकाल स्मृति पत्रकारिता पुरस्कार समृद्धसमाज दैनिकका प्रकाशक सम्पादक सुरेश श्रेष्ठलाई प्रदान गरिएको छ । वर्ष २०२५ का अध्यक्ष ढकालको पिताको नाममा स्थापित नगद १० हजार राशीको पत्रकारिता पुरस्कार श्रेष्ठलाई प्रदान गरिएको हो । जेसीजका संस्थापक अध्यक्ष अधिकारीको कान्छो भाइ सुरेन्द्र अधिकारीको स्मृतिमा स्थापना गरिएको शैक्षिक पुरस्कार बालजीवनज्योति माविबाट एसईईमा उत्कृष्ट हुन सफल लक्ष्मी लामिछानेलाई प्रदान गरिएको छ । पुरस्कारको राशी नगद १० हजार रुपैयाँ रहेको छ । लामिछाने मनहरी गाउँपालिकाको सामुदायिक विद्यालयबाट पालिका प्रथम हुन सफल छात्रा हुन् ।

# प्रजातान्त्रिक विचार समाजको अध्यक्षमा गौतम



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ नेपाली कांग्रेसनिकट प्रजातान्त्रिक विचार समाज मकवानपुरको अध्यक्षमा अधिवक्ता राजुप्रसाद गौतम चयन भएका छन् ।

हेटौंडामा सम्पन्न अधिवेशनबाट अधिवक्ता गौतम अध्यक्षमा चयन भएका हुन् । अधिवेशनबाट गौतमको नेतृत्वमा ९ सदस्यीय जिल्ला कार्यसमिति चयन भएको हो । कार्यसमितिको उपाध्यक्षमा अधिवक्ता राधाकृष्ण मैनाली, सचिवमा कानुन व्यवसायी तेजकुमारी थापा र कोषाध्यक्षमा गीता ओझा सर्वसम्मत चयन भए । यसैगरी सदस्यमा निता मानन्धर, पम्फा पुरी, रमा चौलागाईं, हरेराम आचार्य र रचना मानन्धर चयन भएका छन् । वार्षिक साधारणसभाको अवसरमा प्रजातान्त्रिक विचार समाज मकवानपुरले यो वर्ष विद्यावारिधि पूरा गरेका डा.घनश्याम घिमिरे, डा. जया कोइराला र बागमती प्रदेशका मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेतलाई सम्मान गरिएको थियो ।

यसैगरी प्रजातन्त्र सेनानीमा रहेर योगदान पुऱ्याउने कृष्णप्रसाद न्यौपाने, लक्ष्मी श्रेष्ठ, वासुदेव श्रेष्ठ र केदार भट्टराई पनि साधारणसभाको अवसरमा सम्मानित भए । जिल्ला कार्यसमितिले केन्द्रीय समितिको लागि जिल्लाबाट निवर्तमान अध्यक्ष देवचन्द्र मानन्धर, निवर्तमान सचिव लीलानाथ ढुंगेल र तेजकुमारी थापालाई सिफारिस गरेको छ । वार्षिक साधारणसभाको अवसरमा संस्थाले 'लोकतन्त्रको भविष्य: युवाको भूमिका' विषयक अन्तरक्रिया गरेको थियो । कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका पूर्वसभापति रघुरमण न्यौपानेले वर्तमान समयमा स्व.वीपी कोइरालाको सदाचार धारण गर्ने एउटा बौद्धिक शक्ति आवश्यक भएको बताए ।

उनले युवाशक्तिको सदुपयोग हुँदा देश विकास हुनसक्ने र दुरुपयोग हुँदा ध्वस्त हुने बताए । नेपाली कांग्रेसको केन्द्रीय समिति सदस्य उमा दाहालले नयाँशक्तिले स्टन्टबाजी गरेर देश हत्याउन खोजिरहेको आरोप लगाइन् । कार्यक्रममा प्रमुखअतिथि प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्ले, विशिष्ट अतिथि केन्द्रीय उपाध्यक्ष गोकर्ण अर्याल, जयराम लामिछाने, लक्ष्मी श्रेष्ठ र दामोदर खनालको उपस्थिति रहेको थियो ।

# मनहरीमा नेकपाका उपाध्यक्ष सहितका नेता एमालेमा फर्किए

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ नेपाली कम्युनिस्ट पार्टी (नेकपा) मनहरी गाउँपालिकाका उपाध्यक्ष सहितका प्रभावशाली नेता नेकपा एमालेमा फर्किएका छन् ।

नेकपा एमाले मनहरी गाउँपालिका कमिटीको विस्तारित बैठकमा उनीहरु एमालेमा फर्किएका हुन् । एमालेबाट मकवानपुर क्षेत्र नं. २ प्रतिनिधिसभा सदस्य उम्मेदवार महेशकुमार बर्तौलाले नेकपाका मनहरी उपाध्यक्ष रामबहादुर दर्जी, अनेमसंघ समाजवादीकी अध्यक्ष बुद्धिमाया तामाङलगायत नेतालाई पार्टीमा स्वागत गरे । पार्टी प्रवेश गर्दै उपाध्यक्ष दर्जीले भने, 'एमालेमा पुन: आउँदा हामीलाई आफ्नै घर फर्किएको आभास भएको छ । अबको हाम्रो सम्पूर्ण शक्ति एमालेलाई विजयी गराउन केन्द्रित हुनेछ ।'

अघिल्लो निर्वाचनमा बर्तौलाको विपक्षमा उभिएर बिरोध खतिवडाको कमान्ड सम्हालेका संविधानसभा सदस्य राजाराम स्याङ्तान यतिबेला बर्तौलाको मुख्य चुनावी कमान्डरकारुपमा मैदानमा उत्रिएका छन् । बैठकमा स्याङ्तानले विगतमा आफूलाई संविधानसभा सदस्य बनाउन सहयोग गर्ने बर्तौलालाई यसपटक मनैदेखि सघाउन निर्वाचन परिचालन कमिटीको सहसंयोजकको जिम्मेवारी लिएको बताए । मनहरीका पूर्वअध्यक्ष एकाराज उप्रेतीले मनहरीको मुख्य टाउको दुखाइ बनेको मध्यवर्ती क्षेत्रको समस्या समाधान गर्न बर्तौलाको विकल्प नभएको बताए । उम्मेदवार बर्तौलाले आफ्नो ३२ महिनाको कार्यकालको समीक्षा गर्दै ५ वर्षका लागि पठाए पनि परिस्थितिवश ३२ महिना मात्र काम गर्न पाएको र बाँकी काम अब पूरा गर्ने बताए ।

'भूमिहीन र अव्यवस्थित बसोबासको समस्या हल गर्न र मध्यवर्ती क्षेत्रको कानुनी जटिलता सुल्झाउन मैले नीतिगत तहमै काम सुरु गरिसकेको छु' उनले भने । एमाले मनहरीले फागुन २१ को निर्वाचनका लागि मनहरीमा आफ्नो संगठनलाई पूर्णरुपमा परिचालन गर्ने निर्णय गरेको छ । बैठकमा एमालेकी केन्द्रीय सदस्य भारती पाठक, जिल्ला कमिटी सदस्य बीरेन्द्र डिसी, लक्ष्मण उप्रेती, कृष्ण लामिछाने, शिवकुमार काशी, गीता प्रजा, बर्तौलाको चुनावी फोकल व्यक्ति आशिष अस्लामी, विद्यार्थी नेता प्रभाष घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

# कैलाशको बेतेघारी सफा र स्वच्छ गाउँ घोषणा




साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर १० बेतेघारी गाउँलाई सफा र स्वच्छ गाउँ घोषणा गरिएको छ ।

३७ घरधुरी रहेको गाउँलाई मंगलबार एक कार्यक्रमकाबीच गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले सफा र स्वच्छ गाउँ घोषणा गरेका हुन् । घोषणा गर्दै खानेपानी सरसफाइमा ध्यान दिँदै स्वच्छ र सफा गाउँ बनाउन लाग्नुपर्ने उनले बताए । 'खानेपानी आमनागरिकको मौलिकअधिकार हो । मानवजीवनमा पानी र सरसफाई अपरिहार्य रहने भएकाले शुद्ध खानेपानी पिउन सबैमा अनुरोध छ' अध्यक्ष मुक्तानले भने ।

खानेपानीको कार्यक्रमलाई दीगोपना दिन गाउँपालिकाले विभिन्न संस्थासँगको साझेदारीमा काम गरि रहेको बताउँदै अध्यक्ष मुक्तानले खानेपानी दीगो बनाउन सबैको दायित्व रहने बताए ।

पानीका ट्यांकी लगायत अन्य संरचना संरक्षण गर्नु यहाँहरुको दायित्व हो, सबै मिलेर व्यवस्थापन गर्न अध्यक्ष मुक्तानले निर्देशन दिएका छन् । 'एकघर एकधारा राज्यको नीति छ, सोहीअनुरुप हामीले क्रमिकरुपमा टोलटोल र गाउँगाउँमा काम गरिरहेका छौं' मुक्तानले भने । सरसफाईका प्रतिवद्धता कार्यान्वयन गर्नुपर्ने बताउँदै सडक, घरआँगन र सिंगो समूदाय नै सफा राख्नुपर्ने बताए । गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले नेपाल सरकारको दीगो विकाससँग जोडिएको सरसफाई र खानेपानीक्षेत्रलाई व्यवस्थित र आवश्यक पूर्वाधारका कार्य भइरहेको बताए ।

जसरी गाउँ समाज र टोललाई सफा र स्वच्छ गाउँ बनाउने अभियान छ सबै वडावडामा पुग्ने लक्ष्य गाउँपालिकाको रहेको बताए । 'आफ्नो टोल गाउँ सफा राख्नु हामीले सबैको कर्तव्य हो, स्थानीय सरकारले नीति तथा कार्यक्रममा समेट्दै एकघर एकधारा भनि स्वच्छ र सफा पानी नागरि कसमक्ष पुऱ्याउने लक्ष्य छ' उनले भने । वडा १० का अध्यक्ष सूर्यबहादुर ब्लोनको अध्यक्षतामा भएको कार्यक्रममा वडासदस्य जुनसरी राई, बिमला सुनार, स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतम, प्रेमसेवा समाजका अध्यक्ष मीरा स्याङ्तान, उपाध्यक्ष दलमान गुरुङ, आधारभूत स्वास्थ्यचौकी भाल्टारका प्रमुख सन्तोषकुमार सिंह, बेतेघारी खानेपानी उपभोक्ता समितिका अध्यक्ष आइतसिं स्याङ्बोलगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा सरसफाई कार्यमा उत्कृष्ट हुने स्थानीयबासी, खानेपानी समिति लगायत विभिन्न व्यक्तिलाई पुरस्कृत गरिएको थियो । गाउँपालिकाले प्रेम सेवा समाजसँगको साझेदारीमा एकघर एकधारा, खानेपनी ट्यांकी निर्माण गरिएको थियो ।

# १९ जनाले रक्तदान गरे



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/सहिद सप्ताहको अवसरमा भएको रक्तदानमा १९ जनाले रक्तदान गरेका छन् । मंगलबार हेटौंडा-११ स्थित सहिद स्मारक विकास समितिको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी नवलपुर उपशाखाको व्यवस्थापनमा रक्तदान भएको हो ।

सहिद स्मारक विकास समितिका अध्यक्ष डोरमणि पौडेलको उपस्थितिमा रक्तदान कार्यक्रम भएको हो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । केन्द्रमा अहिले 'ए' पोजेटिभ रगतको अभाव रहेको रक्तसंचार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिए । अरु ग्रुपको रगत केन्द्रमा पर्याप्त रहेको बताइएको छ ।

बुधबार बागमती प्रदेशसभा सचिवालयको आयोजनामा र २० गते भीमफेदी गाउँपालिकामा एक सहकारीको आयोजनामा रक्तदान कार्यक्रम रहेको प्राविधिक सापकोटाले जानकारी दिए ।

# अनावश्यक परीक्षण गर्न दबाब नदिनुहोस्: स्वास्थ्य बीमा बोर्ड

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रमको दिगोपना र प्रभावकारी सञ्चालनका लागि सबै सेवाग्राही तथा सेवा प्रदायकलाई जिम्मेवार बन्न आग्रह गरेको छ ।

'स्वास्थ्य बीमाको सही सदुपयोग गरौं' भन्ने सन्देशसहित अनावश्यक परीक्षण र दुरुपयोग रोक्न सार्वजनिक अपिल गरेको छ । स्वास्थ्य बीमा कार्यक्रमले दैनिक ५० हजार नागरिकलाई सेवा प्रदान गरेको छ । त्यसैगरी औषत ८ करोड बराबरको स्वास्थ्य खर्चको जोखिमबाट बचाइरहेको छ । सीमित स्रोत साधनले कार्यक्रमलाई दिगो बनाउन सबैको आवश्यक रहेको उल्लेख गर्दै बोर्डले सेवाग्राहीलाई चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि अनावश्यक परीक्षणका लागि दबाब नदिन र बीमाको दुरुपयोग नगर्न अनुरोध गरेको छ ।

यसैगरी, सेवाप्रदायक स्वास्थ्य संस्थालाई पनि औचित्यका आधारमा मात्र चेकजाँच, ल्याब परीक्षण तथा उपचारका लागि निर्देशन दिएको छ । बोर्डले जारी गरेका निर्देशिका, कार्यविधि तथा परिपत्रको पूर्णकार्यान्वयन सेवाप्रदायक स्वास्थ्य संस्थालाई आग्रह गरेको छ । बोर्डले लामो समयदेखि भुक्तानी नदिएको भन्दै त्रिवि शिक्षण अस्पताल, गंगालाल लगायतका अस्पतालले सेवा बन्द गरेको छन् । सेवा सुचारु गर्न बोर्डले निरन्तर पहल गरेको जानकारी दिएको छ ।

स्वास्थ्य बीमा ऐन, २०७४ र नियमावली, २०७५ अनुसार सञ्चालित यो कार्यक्रमले नेपालमा सर्वव्यापी स्वास्थ्य पहुँच हासिल गर्न तथा दिगो विकास लक्ष्य प्राप्तिमा महत्वपूर्ण भूमिका खेल्ने लक्ष्य राखेको छ । सामाजिक ऐक्यबद्धताको सिद्धान्तअनुसार वित्तीय सुरक्षा सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न अधिकतम प्रयास गरिरहेको बोर्डले जनाएको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना